# स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८

**नेपाल सरकार**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# विषय-सूची


**परिच्छेदः एक** ........ 1
**परिचय** ........ 1
१.१ नेपालमा विपद् जोखिमको अवस्था ........ 1
१.२ विपद् जोखिम न्यूनीकरण सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था ........ 1
१.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाका लक्ष्यहरू ........ 2
१.४ स्थानीय तहमा रणनीतिक कार्ययोजनाको आवश्यकता ........ 2
**परिच्छेदः दुई** ........ 3
**दिग्दर्शनको उद्देश्य, कार्यक्षेत्र र अपेक्षित प्रतिफल** ........ 3
२.१ उद्देश्य ........ 3
२.२ कार्यक्षेत्र ........ 3
२.३ अपेक्षित प्रतिफल ........ 3
२.४ रणनीतिक कार्ययोजनाको अवधि ........ 3
२.५ रणनीतिक कार्ययोजना र अन्य योजनाहरू बीचको अन्तरसम्बन्ध ........ 4
**परिच्छेदः तीन** ........ 5
**रणनीतिक कार्ययोजना तर्जुमा र कार्यान्वयन** ........ 5
३.१ कार्ययोजना तर्जुमा प्रक्रिया ........ 5
चरण १: संस्थागत निर्णय र तयारी ........ 5
चरण २: प्रकोपबाट विगतमा भएको क्षति र विपद् जोखिमको विश्लेषण ........ 5
चरण ३: लक्ष्य र सूचकहरू निर्धारण ........ 6
चरण ४: रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति ........ 7
चरण ५: कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ........ 8
**परिच्छेदः चार** ........ 11
**समन्वय र सहकार्य** ........ 11
४.१ संस्थागत समन्वय र सहकार्य ........ 11
४.२ समुदाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रको भूमिका ........ 11
**अनुसूची-१** ........ 12
**रणनीतिक कार्ययोजना तर्जुमा कार्यदलको काम कर्तब्य र अधिकार** ........ 12
**अनुसूची-२** ........ 13
**स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य, सूचकहरू र तिनको आधाररेखाको अवस्था** ........ 13
**अनुसूची-३.** ........ 22
**विपद् जोखिम न्यूनीकरण स्थानीय रणनीतिक क्रियाकलापहरू (नमुना)** ........ 22
**अनुसूची-४.** ........ 54
**स्थानीय तहको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको प्रारूप** ........ 54
**सन्दर्भ सामग्री** ........ 56

# परिच्छेदः एक

# परिचय

## १.१ नेपालमा विपद् जोखिमको अवस्था

प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका कारण नेपालमा वर्षेनी विभिन्न विपद्जन्य घटनाहरूबाट जनधनको क्षति भैरहेको छ। विपद् सम्बन्धी तथ्याङ्क अनुसार सडक तथा अन्य दुर्घटना बाहेकका प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट वि.सं. २०२८ देखि २०७२ सम्मको अवधिमा वार्षिक औसत ९०० जनाको मृत्यु हुने गरेको छ। साथै, यसबाट वर्षेनी औसत १८०० भन्दा बढी मानिसहरू घाइते र ३०,००० भन्दा बढी घरपरिवार प्रभावित हुने गरेका छन्।

नेपालमा वर्षेनी करिब १०,००० सडक दुर्घटना हुने गरेको र यस्ता घटनाबाट वार्षिक औसत २,००० जनाको मृत्यु र करिब १३,००० व्यक्तिहरू घाइते हुने गरेका छन्। यसरी विपद्जन्य घटनाहरूबाट वर्षेनी ठूलो मात्रामा जनधनको क्षति र विकासका पूर्वाधारहरूमा हानी-नोक्सानी हुने तथा आम जनताको आधारभूत सेवा साथै जीविकोपार्जनमा समेत प्रतिकूल असर पर्ने गरेको छ।

विपद्जन्य घटनाबाट हुने यस्ता क्षतिलाई न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारले विभिन्न नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरेको छ। यसै व्यवस्था अनुरूप तयार भएको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) मा नेपालको हिमाली, पहाडी तथा तराई क्षेत्रमा विभिन्न किसिमका प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरूको जोखिम रहेको उल्लेख छ। जलवायु परिवर्तन तथा भौगर्भिक, सामाजिक, आर्थिक गतिविधिका कारण आगामी दिनमा विपद्जन्य घटनाबाट हुने हानी-नोक्सानी झनै बढ्न सक्ने देखिन्छ। यस्ता जोखिमहरू न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव नभएको हुँदा यस विषयमा राष्ट्रिय, प्रदेश एवम् स्थानीय स्तरमा समेत योजनावद्ध एकीकृत प्रयासको आवश्यकता रहेको छ। साथै, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग सम्बन्धित स्थानगत आवश्यकताको आधारमा क्रियाकलापहरू तय गर्नु पर्ने हुँदा हरेक गाउँपालिका तथा नगरपालिकाले यस्तो रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

## १.२ विपद् जोखिम न्यूनीकरण सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५१ (छ) को प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी राज्यका नीति अन्तर्गत खण्ड (९) मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान रहेको छ। संविधानले विपद् व्यवस्थापनलाई सङ्घ र प्रदेशको साझा अधिकारको रूपमा अनुसूची-७मा, स्थानीय तहको अधिकारको रूपमा अनुसूची-८मा र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा अनुसूची-९मा समावेश गरेको छ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा प्रभावकारी विपद् व्यवस्थापनका लागि स्थानीय तहमा सङ्गठन संरचना, रणनीति, कार्यक्रम तथा योजना लागू गरिने उल्लेख छ। यसैगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहमा विपद् व्यवस्थापन समितिको संस्थागत व्यवस्था गरी काम, कर्तव्य र अधिकार समेत निर्धारण गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) मा विपद् व्यवस्थापनका सबै चरणमा गरिने कार्यमा स्थानीय तहको जिम्मेवारी हुने व्यवस्था गरेको छ। सोही ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ज) मा स्थानीय तहलाई वातावरण संरक्षण र जैविक विविधताको संरक्षण सम्बन्धी कार्य जिम्मेवारी समेत तोकिएको छ।

नेपाल सरकारले जलवायु परिवर्तनका असरलाई व्यवस्थापन गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागू गरेको छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा २३ मा स्थानीय तहले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि प्राथमिकता निर्धारण गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा २४ मा जलवायु परिवर्तनका प्रतिकूल असर र त्यसबाट हुन सक्ने नोक्सानी कम गर्नका लागि स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। यसैगरी दफा २५ मा स्थानीय तहले जलवायु परिवर्तनलाई बढवा दिने हरितगृह ग्यास उत्सर्जनका क्षेत्रहरू पहिचान गरी न्यूनीकरणसम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ।

## १.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाका लक्ष्यहरू

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्ययोजना (सन् २०१५-२०३०) को कार्यान्वयनमा प्रतिवद्धता जनाए अनुसार नेपाल सरकारले "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०)" लागू गरेको छ। कार्ययोजनामा निम्न बमोजिमका ६ वटा लक्ष्यहरू निर्धारण गरिएका छन्ः

(१) विपद्का कारण हुने मृत्युदर कम गर्ने,

(२) विपद् प्रभावितहरूको सङ्ख्या कम गर्ने,

(३) विपद्का कारण हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने,

(४) पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति कम गर्न उत्थानशीलता विकास गर्ने,

(५) प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने,

(६) बहु-प्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको उपलब्धतामा पहुँच बढाउने।

यी लक्ष्यहरू हासिल गर्न कार्ययोजनामा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सूचकहरू र विभिन्न क्रियाकलापहरू तय गरिएको छ। यसै अनुरूप प्रदेश सरकारहरूले समेत प्रदेशको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गरेका छन्।

## १.४ स्थानीय तहमा रणनीतिक कार्ययोजनाको आवश्यकता

समुदायमा विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपको जोखिम छ। भौगोलिक, वातावरणीय एवम् सामाजिक-आर्थिक अवस्थाबाट उत्पन्न हुने प्रकोपको सम्मुखता (Hazard Exposure) र सङ्कटासन्नता (Vulnerability) कम गर्न स्थानीय तह मै प्रयास गर्नुपर्छ। साथै, राष्ट्रिय र प्रादेशिक कार्ययोजनाहरूको कार्यान्वयनमा समेत स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ। तसर्थ, स्थानीय तहमा विकास योजना निर्माण, सञ्चालन र सेवा प्रवाह गर्दा विपद् जोखिम कम गर्ने उपाय र क्रियाकलापहरू समावेश गर्नुपर्छ। यसका लागि स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक योजनाको आवश्यकता हुन्छ। स्थानीय तहले यस्तो योजना तर्जुमा गर्दा राष्ट्रिय र प्रादेशिक लक्ष्य हासिल गर्न सघाउ पुग्नेगरी गर्न जरुरी छ।

# परिच्छेदः दुई

# दिग्दर्शनको उद्देश्य, कार्यक्षेत्र र अपेक्षित प्रतिफल

## २.१ उद्देश्य

स्थानीय तहले तयार गर्ने विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको ढाँचामा एकरूपता कायम गर्ने उद्देश्यले यो दिग्दर्शन तयार गरिएको हो। यस दिग्दर्शनको विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

(१) स्थानीय तहमा विकास निर्माण प्रक्रिया र सेवा प्रवाहमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन कार्यलाई एकीकृत गर्न सहयोग गर्नु।

(२) स्थानीय तहमा विपद् जोखिम कम गर्न र विपद् एवम् जलवायु उत्थानशीलता अभिवृद्धि गर्न सहयोग गर्नु।

(३) राष्ट्रिय तथा प्रादेशिक विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको लक्ष्य प्राप्त गर्न सहयोग पुर्‍याउनु।

(४) विपद् जोखिम न्यूनीकरणमा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न मद्दत गर्नु।

## २.२ कार्यक्षेत्र

यस दिग्दर्शनले मूलतः स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गर्न सहयोग गर्छ। रणनीतिक कार्ययोजना एक बहुविषयक र समयसमयमा पुनरावलोकन गरी परिमार्जन गरिने दीर्घकालीन जीवन्त योजना हो। विभिन्न प्रकोपको विपद् जोखिम न्यूनीकरण (Risk Reduction), पूर्वतयारी (Preparedness), प्रतिकार्य (Disaster Response), पुनर्निर्माण (Reconstruction) र पुनर्स्थापना (Rehabilitation) चरणमा गरिने क्रियाकलापहरू नै यस रणनीतिक कार्ययोजनाको कार्यक्षेत्र हो। रणनीतिक कार्ययोजनाको सफलताका लागि यसमा उल्लिखित क्रियाकलापहरूलाई प्रकृति अनुसार स्थानीय तहका नीति, योजना र कार्यक्रममा एकीकृत (Integration) गरी कार्यान्वयन गर्न जरुरी हुन्छ।

## २.३ अपेक्षित प्रतिफल

यस दिग्दर्शनको उपयोगबाट स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गर्न सहज हुने र यस्ता योजनाहरूमा ढाँचागत एकरूपता कायम हुने अपेक्षा गरिएको छ।स्थानीय तहले यस दिग्दर्शनका आधारमा तर्जुमा गर्ने योजनाको कार्यान्वयनबाट सङ्घीय तथा प्रदेश सरकारद्वारा तयार गरिएका विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै रणनीतिक योजनामा उल्लिखित क्रियाकलापहरूको कार्यान्वयनबाट दिगो विकासका लक्ष्यहरू हासिल गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ।

## २.४ रणनीतिक कार्ययोजनाको अवधि

स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गर्दा सेण्डाई कार्ययोजना र राष्ट्रिय रणनीतिक कार्ययोजनाको अवधिसँग तालमेल हुने गरी गर्नु पर्दछ। उक्त कार्ययोजनाको अवधिसँग तालमेल हुने गरी स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना दश वर्ष अवधिसम्मको हुन सक्दछ। अन्तराष्ट्रिय रुपमा नयाँ कार्यढाँचामा सहमती भएमा वा नेपाल सरकारले नयाँ कार्ययोजना सार्वजनिक

गरेको अवस्थामा स्थानीय तहले आफ्नो रणनीतिक कार्ययोजनालाई सोही अवधिसँग मेल खानेगरी तर्जुमा वा परिमार्जन गर्न सक्नेछन् ।

## २.५ रणनीतिक कार्ययोजना र अन्य योजनाहरू बीचको अन्तरसम्बन्ध

स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना स्थानीय तहले तर्जुमा गर्ने आवधिक योजनाको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ। तसर्थ स्थानीय तहले आवधिक योजना तर्जुमा गर्दा विपद जोखिम न्यूनीकरण रणनीतिक योजनामा समावेश हुने विषयवस्तुलाई आवधिक योजना दस्तावेजमै समावेश गर्नु पर्दछ। आवधिक योजना तयार भइसकेको भएता पनि सो योजनामा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनामा समावेश हुने क्रियाकलापहरू छुट भएको रहेछ भने त्यस्ता क्रियाकलापहरूलाई समेत समावेश गरी आवधिक योजना पुनरावलोकन गर्न उपयुक्त हुन्छ। आवधिक योजना तर्जुमा भई नसकेको अवस्थामा स्थानीय तहले अलग्गै रणनीतिक कार्ययोजना तर्जुमा गर्न सक्दछन्।

यी दुबै अवस्थामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयहरू वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ। यस हिसावले स्थानीय तहको रणनीतिक कार्ययोजना र आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजनाबीच प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ।

स्थानीय तहले रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि आफ्नो स्रोत बाहेक अन्य गैरसरकारी संस्था, सामाजिक संघ/संस्था तथा निजी क्षेत्रको सहयोग परिचालन गर्न सक्नेछ।

# परिच्छेदः तीन

# रणनीतिक कार्ययोजना तर्जुमा र कार्यान्वयन

## ३.१ कार्ययोजना तर्जुमा प्रक्रिया

स्थानीय तहमा विभिन्न प्रकोपबाट हुने हानी-नोक्सानी कम गर्न विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गर्दा देहाय बमोजिमका पाँच चरणमा गर्नु पर्दछः-

| चरण | क्रियाकलापहरू |
|---|---|
| चरण ५ | कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| चरण ४ | रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति |
| चरण ३ | लक्ष्य र सूचकहरू निर्धारण |
| चरण २ | क्षति तथा विपद् जोखिमको विश्लेषण |
| चरण १ | संस्थागत निर्णय र तयारी |

*चित्र १: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमाका चरणहरू*

### चरण १ः संस्थागत निर्णय र तयारी

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमाका लागि गाउँ/नगरपालिकाले औपचारिक निर्णय गर्नुपर्छ। कार्ययोजना तर्जुमालाई व्यवस्थित गर्न कार्यपालिकाको बैठकबाट **"स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा कार्यदल"** गठन गर्नुपर्छ। कार्यदल गठन गर्दा विषयगत साथै भौगोलिक र सामाजिक क्षेत्रगत प्रतिनिधित्व हुने गरी गर्नुपर्छ। यस कार्यदलको संरचना निम्न बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | स्थानीय विपद् व्यवस्थापन समितिका अध्यक्ष वा कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य | - संयोजक |
| (ख) | कार्यपालिकाको महिला सदस्य मध्येबाट एकजना | - सदस्य |
| (ग) | योजना तथा अनुगमन महाशाखा/शाखा/ईकाई प्रमुख | - सदस्य |
| (घ) | विपद्को क्षेत्रमा क्रियाशील संघ/संस्था वा विषय विज्ञहरू मध्येबाट कार्यपालिकाले तोकेको तीनजना | - सदस्य |
| (ङ) | वातावरण तथा विपद् व्यवस्थापन महाशाखा/शाखा/ईकाई प्रमुख | - सदस्य-सचिव |

कार्यदलको बैठकमा आवश्यकता अनुसार अन्य व्यक्ति वा निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ। कार्यदलको कार्यविवरण अनुसूची-१मा उल्लेख भए बमोजिम हुनेछ।

### चरण २ः प्रकोपबाट विगतमा भएको क्षति र विपद् जोखिमको विश्लेषण

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गर्दा विपदबाट हुने क्षति कम गर्ने र उत्थानशीलता वृद्धि गर्ने लक्ष्यमा आधारित भई तयार गर्नुपर्ने हुन्छ। त्यसैले कार्ययोजना तर्जुमा गर्दा गाउँ/नगरपालिकामा उपलव्ध भएसम्म विगत तीस वर्षमा विभिन्न विपद्जन्य घटनाबाट मानवीय, भौतिक,

आर्थिक, सामाजिक र प्राकृतिक स्रोतहरूमा भएका क्षति सम्बन्धी तथ्याङ्क र अन्य प्रभाव सम्बन्धी जानकारी सङ्कलन गर्नुपर्छ। साथै, विपद् तथा जलवायु परिवर्तन उत्थानशीलताका लागि चाहिने मानवीय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक स्रोतको वर्तमान अवस्थाको मूल्याङ्कन समेत गर्नुपर्दछ। यसका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्ने ढाँचा अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ।

विपद्बाट भएको जनधनको क्षति तथा विभिन्न उत्पादनमूलक तथा सेवामूलक क्षेत्रमा परेको प्रतिकूल प्रभाव सम्बन्धी जानकारी साथै विभिन्न पक्षमा स्थानीय तहको क्षमताको विवरण गाउँ/नगरपालिकाको पार्श्वचित्र, प्रगति प्रतिवेदन, विषयगत निकाय मार्फत र विभिन्न अध्ययन प्रतिवेनदनबाट सङ्कलन गर्न सकिन्छ। यसका साथै सम्बन्धित वडा समिति, वडा विपद् व्यवस्थापन समितिसँग समन्वय गरी समुदायस्तरमा समेत छलफल गरी सूचना तथा तथ्याङ्क सङ्कलन गर्नुपर्दछ। सङ्कलन गरिएको सूचना तथा तथ्याङ्क यथार्थ, विश्वसनीय र भरपर्दो हुनुपर्दछ। कार्ययोजनामा स्थानीय तहको विपद् तथा जलवायु उत्थानशीलताको विषय समेत समावेश हुने हुँदा उत्थानशीलता विकासको लक्ष्यसँग सम्बन्धित सूचना तथा तथ्याङ्क समेत सङ्कलन गर्नुपर्दछ।

यसरी सङ्कलन भएका सूचना तथा तथ्याङ्कहरूको विश्लेषणको आधारमा विपद् जोखिमको आँकलन गरी सोको न्यूनीकरणका लागि सम्भावित क्रियाकलापहरूको पहिचान गर्नुपर्दछ। यसरी जोखिम विश्लेषण गर्दा भौतिक पूर्वाधार विकास, सामाजिक सेवा, स्वास्थ्य, शिक्षा, वन, कृषि तथा पशुसेवा आदि विषय क्षेत्रसँग सम्बन्धित विपद् जोखिम र जलवायु परिवर्तनका कारण हुनसक्ने थप जोखिमको प्रक्षेपित परिदृष्यको समेत लेखाजोखा गर्नुपर्दछ। रणनीतिक कार्ययोजना तर्जुमा गर्दा यसको कार्यान्वयनबाट विद्यमान अवस्थामा सुधार ल्याउन सकिने सम्भावनाको आधारमा भविष्यको लक्ष्य निर्धारण समेत तयार गरिने हुँदा यसका लागि विपद्बाट भएका क्षतिको आधार तथ्याङ्क आवश्यक हुन्छ। यसैगरी स्थानीय तहको क्षमताको वा सङ्कटासन्नताको पनि आधार-तथ्याङ्क तयार गर्नु पर्दछ। आधार-तथ्याङ्क (Baseline) तयार गर्ने ढाँचा अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ।

प्रकोपको यथार्थ जोखिम यकिन गर्न प्रायः असम्भव हुन्छ। विस्तृत प्राविधिक अध्ययन, अनुसन्धानबाट मात्र जोखिमको वैज्ञानिक अनुमान गर्न सकिन्छ। तर छोटो समय, सिमित स्रोत साधन र जनशक्तिबाट यी सबै विषय कार्ययोजनामा समावेश गर्न सम्भव नहुन सक्छ। साथै, जलवायु परिवर्तन जस्ता प्रक्रियाको विश्वसनीय जानकारी पाउन वर्षौं अध्ययन गर्नुपर्ने हुन्छ। त्यसैले हाल उपलब्ध रहेका र तत्काल सङ्कलन गर्न सकिने खालका सूचना तथा तथ्याङ्कहरूको आधारमा रणनीतिक कार्ययोजना तर्जुमा गरी समय र स्रोत बढी लाग्ने सूचना र जानकारीका लागि आवश्यक पर्ने क्रियाकलाप रणनीतिक योजनामा नै समावेश गर्न उपयुक्त हुन्छ।

त्यसैगरी तथ्याङ्क उपलब्ध नभएको सूचकहरूको हकमा आधार-तथ्याङ्क उपलब्ध नभएको भन्ने व्यहोरा उल्लेख गर्ने र रणनीतिक कार्ययोजनामा लक्ष्य तथा सूचक निर्धारण गर्दा र सम्बन्धित निकायले त्यस सम्बन्धी तथ्याङ्क राख्ने क्रियाकलाप तय गर्नुपर्दछ।

## चरण ३ः लक्ष्य र सूचकहरू निर्धारण

विपद्को क्षति र जोखिम सम्बन्धी तथ्याङ्क विश्लेषण गरी तयार गरिएको आधाररेखा अनुरूप सम्बन्धित निकाय र सरोकारवालाहरूसँग परामर्श गरी विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकासका लक्ष्य निर्धारण गरी निर्धारित लक्ष्य हासिल भए नभएको मापन गर्ने सूचक समेत तय गर्नुपर्दछ।

लक्ष्य र सूचकहरू निर्धारण गर्ने क्रममा रणनीतिक योजना तर्जुमा कार्यदलले सम्बन्धित महाशाखा/शाखा/एकाइ र विषयगत समितिसँग परामर्श लिनु पर्नेछ। यसका लागि विषयगत शाखा, विषयगत समितिहरू, नेपाल सरकार तथा प्रदेश अन्तर्गतका विषयगत कार्यालय, स्थानीय प्रशासन, सुरक्षा निकाय, विपद् व्यवस्थापन सम्बन्धी विज्ञ, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू, स्थानीय सामुदायिक संघसंस्था, नीजि क्षेत्र लगायतका सरोकारवालाहरूसँग आवश्यकता अनुसार एकल परामर्श र सामूहिक छलफल गर्न सकिन्छ।

लक्ष्य र सूचक निर्धारण गर्दा सम्भव भएसम्म परिमाण (Quantity) र गुणस्तर (Quality) नाप्न सकिने तथा निश्चित समय-अवधि तोकिएको (Time-bound) हुनुपर्छ। राष्ट्रिय र प्रादेशिक कार्ययोजनामा अल्पकालीन (सन् २०२० सम्म), मध्यकालीन (सन् २०२५ सम्म) र दीर्घकालीन (सन् २०३० सम्म) लक्ष्यहरू निर्धारण गरिएको हुनाले स्थानीय तहमा पनि राष्ट्रिय र प्रादेशिक लक्ष्यहरूसँग तादात्म्यता हुने गरी निर्धारण गर्नुपर्नेछ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) तयार गरेको अवधि ३ वर्ष बितिसकेको छ। स्थानीय तहले कार्ययोजना तयार गर्दा अझै थप समय व्यतित हुनसक्छ। तसर्थ, स्थानीय तहले लक्ष्यहरू निर्धारण गर्दा सन् २०२५ सम्मको अवधिमा सम्पन्न गर्ने क्रियाकलापहरूलाई अल्पकालीन तथा मध्यकालीन र सन् २०३० सम्ममा सम्पन्न गर्नेलाई दीर्घकालीन लक्ष्यको रूपमा राख्न उपयुक्त हुन्छ।

## चरण ४: रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति

स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनामा प्राथमिकता प्राप्त क्षेत्रहरू अन्तर्गतका रणनीतिक क्रियाकलाप तर्जुमा गर्ने प्रक्रिया र कार्ययोजनाको स्वीकृति देहाय बमोजिम हुनेछ:

### (क) प्राथमिकता प्राप्त क्षेत्रका रणनीतिक क्रियाकलापहरू तर्जुमा

स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनामा देहाय बमोजिमका चारवटा प्राथमिकता प्राप्त क्षेत्रहरू रहने छन्:

(१) विपद् जोखिम बारेको बुझाई,

(२) विपद् जोखिम शासकीय पद्धतिको सुदृढिकरण,

(३) उत्थानशीलता वृद्धिका लागि निजी तथा सार्वजनिक लगानीको प्रवर्द्धन,

(४) विपद् प्रतिकार्य र पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण"का लागि विपद् पूर्वतयारीको सुदृढीकरण।

स्थानीय तहले रणनीतिक कार्ययोजना तर्जुमा गर्दा माथि उल्लिखित पहिलो, दोस्रो र तेस्रो प्राथमिकता प्राप्त क्षेत्रमा चार-चार वटा प्राथमिकता प्राप्त कार्यहरू र चौथो प्राथमिकता प्राप्त क्षेत्रमा छ वटा प्राथमिकता प्राप्त कार्यहरू रहने गरी स्थानीय आवश्यकता अनुसारका क्रियाकलापहरू निर्धारण गर्नु पर्दछ। उदाहरणका लागि नदीको जलाधार संरक्षण गर्ने, वनमा डढेलो नियन्त्रण गर्ने, जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गर्ने, जोखिममा रहेका बस्ती सुरक्षित ठाउँमा सार्ने जस्ता विषयहरू क्रियाकलापको रूपमा राख्न सकिनेछ। साथै यस्ता क्रियाकलाप सम्पन्न गर्न लाग्ने समय, प्राप्त हुने प्रतिफलका सूचकहरू र लक्ष्य

हासिल गर्ने जिम्मेवारी समेत निर्धारण गर्नुपर्नेछ। रणनीतिक कार्ययोजनाको नमुना खाका अनुसूची-३ मा समावेश गरिएको छ।

रणनीतिक क्रियाकलापहरू तय गर्दा रणनीतिक योजना तर्जुमा कार्यदलले सम्बन्धित महाशाखा/शाखा/एकाइ र विषयगत समितिसँग परामर्श लिनु पर्नेछ। यसका लागि विषयगत शाखा, विषयगत समितिहरू एवम् स्थानीय तहमा क्रियाशील नेपाल सरकार तथा प्रदेश अन्तर्गतका विषयगत कार्यालय, स्थानीय प्रशासन, सुरक्षा निकाय, विपद् व्यवस्थापन सम्बन्धी विज्ञ, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू, स्थानीय सामुदायिक संघसंस्था, नीजि क्षेत्र लगायतका सरोकारवालाहरूसँगको परामर्शमा क्रियाकलापहरू निर्धारण गर्नुपर्नेछ।

विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलाप तथा लक्ष्य र सूचकहरू तय गर्दा लैंङ्गिक समानता र सामाजिक समावेशीताको अवधारणालाई समेत ध्यान दिनु आवश्यक हुन्छ। तसर्थ, यस्तो कार्ययोजनामा महिला, अपाङ्गता भएका व्यक्ति, सङ्कटासन्न अवस्थामा रहेका व्यक्ति/समूह र सीमान्तकृत समुदायहरूका सवाललाई पनि रणनीतिक क्रियाकलापको रूपमा समावेश गर्नु पर्दछ।

स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनामा संलग्न गर्नुपर्ने विषयहरूको नमुना विषय-सूची अनुसूची-४ मा दिइएको छ।

### (ख) मस्यौदा कार्ययोजनामा सरोकारवालाहरूसँग परामर्श

रणनीतिक कार्ययोजनाको मस्यौदालाई नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, विभाग तथा निकाय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, छिमेकी स्थानीय तह तथा सम्बन्धित विषयका विज्ञ एवम् सरोकारवालाबाट ईमेल वा पत्राचार मार्फत सुझाव सङ्कलन गर्नु पर्दछ। त्यस बाहेक सर्वसाधारण नागरिकबाट समेत कार्यालयको वेवसाईट मार्फत वा अन्य उपयुक्त माध्यमबाट सुझाव माग गर्न सकिनेछ।

यसरी प्राप्त भएका सुझावहरूलाई कार्यदलले सम्बन्धित विषयगत शाखा, विषयगत समितिहरू, स्थानीय तहमा क्रियाशील नेपाल सरकार तथा प्रदेश अन्तर्गतका विषयगत कार्यालय, स्थानीय प्रशासन, सुरक्षा निकाय, विपद् व्यवस्थापन सम्बन्धी विज्ञ, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू, स्थानीय सामुदायिक संघसंस्था, नीजि क्षेत्र लगायतका सरोकारवालाहरूको सहभागिता रहने गरी कार्यशालाको आयोजना गरी प्राप्त सुझाव समेतका आधारमा रणनीतिक कार्ययोजनाको मस्यौदालाई अन्तिम रूप दिनुपर्नेछ।

### (ग) रणनीतिक कार्ययोजना स्वीकृति

यसरी तयार भएको रणनीतिक कार्ययोजनाको परिमार्जित मस्यौदालाई कार्यपालिकामा पेश गरी छलफल गर्नुपर्दछ। छलफलबाट प्राप्त सुझाव समावेश गरी तयार गरिएको रणनीतिक कार्ययोजनाको दस्तावेजलाई कार्यपालिकाबाट स्वीकृत गरी जानकारीको लागि गाउँ/नगर सभामा पेश गर्नुपर्दछ।

## चरण ५: कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

कार्यपालिकाबाट स्वीकृत भएको रणनीतिक कार्ययोजनाको क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिम गर्नुपर्दछः

### (क) कार्ययोजना कार्यान्वयन

स्वीकृत रणनीतिक कार्ययोजनाका क्रियाकलापहरूलाई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नु पर्दछ। वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वातावरण तथा विपद् व्यवस्थापन समितिले रणनीतिक कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूका लागि आवश्यक पर्ने स्रोत साधन यकिन गरी विषयगत क्षेत्रको कार्यक्रममा समावेश गराउनु पर्दछ। यसरी कार्यक्रम तयार गर्दा नेपाल सरकार वा प्रदेश अन्तर्गतका निकाय, स्थानीय तहमा क्रियाशील अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संघसंस्था र नीजि क्षेत्रबाट गाउँपालिका/नगरपालिकामा सञ्चालन गरिने कार्यक्रमसँग दोहोरो नहुने गरी गर्नु पर्दछ।

स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका रणनीतिक कार्ययोजनाका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना बनाई कार्यान्वयन गर्ने र प्रगति विवरण तयार गरी पेश गर्ने जिम्मेवारी वातावरण तथा विपद् व्यवस्थापन महाशाखा/शाखा/एकाइको हुनेछ।

**(ख) अनुगमन र मूल्याङ्कन**

वातावरण तथा विपद् व्यवस्थापन महाशाखा/शाखा/एकाइले यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमनको प्रवन्ध मिलाउनु पर्दछ। रणनीतिक कार्ययोजनामा सामवेश भएका क्रियाकलापहरूको कार्यान्वयन अनुगमन स्थानीय विपद् व्यवस्थापन समिति र अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ। अनुगमनको प्रक्रिया योजनामा तय गरिएका क्रियाकलापहरूको प्रकृतिमा भर पर्ने हुँदा योजना अनुगमनको कार्यविवरण तयार गर्दा उक्त पक्षलाई समेत ध्यान दिनु उपयुक्त हुन्छ। अनुगमन र प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

त्यस्तै रणनीतिक कार्ययोजनाको समग्र उपलब्धिको आवधिक मूल्याङ्कन तथा समिक्षा गर्दा सम्बन्धित विषयका विज्ञ, सरोकारवाला संघसंस्था, महिला एवम् विपद् जोखिममा रेहका समुदाय, समूहको प्रतिनिधित्व गराउनुपर्छ।

अनुगमनबाट प्राप्त सुझावका आधारमा क्रियाकलापहरू साथै योजना कार्यान्वयनको तौरतरिकामा सुधार गर्नुपर्छ। रणनीतिक कार्ययोजनाको कार्यान्वयन सम्बन्धित विषयका नियमित वा आवधिक योजना मार्फत् हुने हुनाले आवधिक र विषयगत रणनीतिक योजनाहरूको अनुगमन गर्दा यस कार्ययोजनाको पनि अनुगमन गरी पृष्ठपोषण लिने वा रणनीतिक कार्ययोजनाको अनुगमन गर्दा आवधिक वा रणनीतिक योजनासँग पनि तादात्म्यता कायम हुने गरी गर्नु पर्दछ। अनुगमनमा देखिएका सवालहरू र सुधार गर्नुपर्ने विषयहरू कार्यान्वयन गर्ने निकायसँग छलफल गरी निर्धारण गर्नुपर्छ।

**(ग) कार्ययोजनाको पुनरावलोकन र संशोधन**

योजना कार्यान्वयनको मूल्याङ्कन योजनामा तय गरिएका लक्ष्य हासिल गर्न निर्धारण गरिएको समय-अवधिमा भर पर्छ। योजनाको लक्ष्य हासिल गर्न निर्धारण गरिएको समय-अवधि अनुरूप अल्पकालीन, मध्यकालीन र अन्तिम मूल्याङ्कन गर्न सकिन्छ। सबै स्थानीय तहमा एउटै वर्षमा योजना तयार हुन नसक्ने भएको हुँदा स्थानीय तहले योजना तर्जुमा गर्दा तय गरिएका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यको आधारमा मूल्याङ्कनको समय-तालिका निर्धारण गर्नु उपयुक्त हुन्छ।

रणनीतिक कार्ययोजना स्थानीय तहको आवधिक योजनाको अङ्गको रूपमा समावेश भएको अवस्थामा यसको मध्यावधी र अन्तिम समिक्षा गर्दा कार्ययोजनाको समेत एकैसाथ समिक्षा गर्नु उपयुक्त हुन्छ। आवधिक योजना तर्जुमा नगरी स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना छुट्टै तर्जुमा गरिएको अवस्थामा यसको अल्पकालीन, मध्यकालीन र अन्तिम गरी तीन चरणमा समिक्षा तथा मूल्याङ्कन

गर्न उपयुक्त हुन्छ। सबै स्थानीय तहको रणनीतिक कार्ययोजना एउटै समयमा तर्जुमा हुन नसक्ने हुँदा स्थानीय तहले दश वर्षको रणनीतिक योजनालाई तीन चरणमा मूल्याङ्कन तथा समिक्षा गर्ने गरी समयावधि निर्धारण गर्नु उपयुक्त हुन्छ।

अल्पकालीन तथा मध्यकालीन मूल्याङ्कनबाट प्राप्त सुझावको आधारमा रणनीतिक कार्ययोजनालाई आवश्यक परिमार्जन गर्न सकिन्छ। तर, यसरी परिमार्जन गर्दा विपद् न्यूनीकरणका लक्ष्यहरू र तिनका सूचकहरू कम गर्न हुँदैन।

रणनीतिक कार्ययोजना कार्यान्वयनको अन्तिम मूल्याङ्कनबाट प्राप्त निष्कर्ष तथा सुझावहरू नयाँ कार्ययोजना तयार गर्दा पृष्ठपोषणका रूपमा उपयोग गर्नुपर्छ।

# परिच्छेदः चार

# समन्वय र सहकार्य

## ४.१ संस्थागत समन्वय र सहकार्य

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनामा बहु-विषयगत क्षेत्रहरू समावेश हुन्छन्। तसर्थ, रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा विभिन्न निकायको संलग्नताको आवश्यकता पर्दछ। स्थानीय सरकारका विषयगत शाखाहरूबीच समन्वय र सहकार्य अपरिहार्य हुन्छ। कतिपय प्राथमिकता प्राप्त क्रियाकलाप गर्न छिमेकी स्थानीय तहसँग समेत समन्वय र सहकार्य गर्नुपर्ने हुन सक्छ।

स्थानीय सरकारको स्रोतले सम्पन्न गर्न नसकिने योजनाहरूमा नेपाल सरकार र प्रदेश सरकारबाट सहयायता लिन प्रयत्न गर्नुपर्छ। स्थानीय तहमा कार्यरत गैरसरकारी संघसंस्था, निजी क्षेत्र एवम् अन्य सरोकारवालाहरूसँग पनि सहकार्य गर्न सकिन्छ। स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको कार्यान्वयनका लागि संस्थागत समन्वय र सहकार्य गर्ने कार्य स्थानीय विपद् व्यवस्थापन समितिले गर्नेछ।

## ४.२ समुदाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रको भूमिका

कार्ययोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्न जोखिममा रहेका समूह, समुदाय, निजी क्षेत्र र गैरसरकारी संघसंस्थाको महत्वपूर्ण भूमिका हुन्छ। स्थानीय तहका अधिकांश प्राथमिकता प्राप्त क्रियाकलापहरू समुदायमा आधारित वा समुदाय केन्द्रित रहेका हुन्छन्। तिनको सफलता समुदायको स्वामित्व र समुदाय परिचालनमा निर्भर हुन्छ। तसर्थ, स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको सफल कार्यान्वयनको लागि स्थानीय तहले समुदाय, गैरसरकारी संस्था र निजी क्षेत्रको परिचालनमा जोड दिनु पर्दछ।

गैरसरकारी संस्था तथा निजी क्षेत्रले स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयनमा सहयोग गर्ने, स्रोत साधन परिचालनमा सहयोग तथा समन्वय गर्ने, आ-आफ्नो क्षेत्रका पेशागत जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने, दोहोरोपना हुन नदिई कार्ययोजनाको कार्यान्वयनमा सहकार्य गर्ने, निर्धारित समयमा प्रतिवेदन गर्ने लगायतका कार्यहरू गर्नुपर्दछ।

# अनुसूची-१

## रणनीतिक कार्ययोजना तर्जुमा कार्यदलको काम कर्तब्य र अधिकार

(क) रणनीतिक कार्ययोजना तर्जुमा गर्ने कार्य सम्बन्धित अधिकारीबाट स्वीकृत गराई कार्यान्वयन गर्ने,

कार्यदलले योजना तर्जुमा गर्न चाहिने आवश्यक जनशक्ति, बजेट तथा प्राविधिक स्रोत साधनको अनुमान गरी आवश्यक व्यवस्था गर्न सम्बन्धित शाखा/महाशाखा मार्फत स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्छ।

कार्ययोजना तयार गर्दा स्थानीय तहका विषयगत समितिहरू, सम्बन्धित शाखा, कार्यालयहरू र अन्य सरोकारवालाहरूसँग कार्ययोजनाको औचित्यबारे जानकारी गराई योजना तर्जुमाको विधि र योजना तर्जुमा साथै कार्यान्वयन गर्न सरोकारवालाहरूको भूमिकाको बारेमा छलफल गर्नुपर्नेछ।

(ख) योजना तयार गर्न चाहिने आधारभूत तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि जनशक्ति परिचालन गर्ने,

(ग) सम्बन्धित विषय-क्षेत्रसँग परामर्श गरी विपद् न्यूनीकरणका लागि लक्ष्य र सूचकहरू निर्धारण गर्ने,

(घ) योजना तर्जुमा गर्न सरोकारवालाहरूसँग आवश्यक छलफल, परामर्श र सहकार्य गर्ने,

(ङ) रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरी सरोकारवालाबाट सुझाव सङ्कलन गर्ने,

(च) रणनीतिक कार्ययोजना स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

(छ) योजना तर्जुमाका सन्दर्भमा,

- कार्यदलले सङ्घ, प्रदेश र स्थानीय तहका विभिन्न निकाय एवम् सङ्घसंस्थाहरूसँग समन्वय गर्नुपर्नेछ।
- योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित योजना तर्जुमा दिग्दर्शन, स्थानीय तहको आवधिक तथा वार्षिक योजना तर्जुमा सम्बन्धित दस्तावेजले दिग्दर्शन गरेका विधिहरू समेत पालना गर्नुपर्नेछ।

# अनुसूची-२

## स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य, सूचकहरू र तिनको आधाररेखाको अवस्था

विपद् जोखिम सम्बन्धी उपलब्ध तथ्याङ्क र सन्दर्भ सामग्रीहरूको अध्ययन, समुदायसँग छलफल गरी प्रकोपको क्षति, जोखिम र विपद् न्यूनीकरणको लेखाजोखा तथा सम्बन्धित अधिकारीहरूसँग छलफल गरी तलको तालिकामा दिइएका सूचकहरूमा स्थानीय तहको हालको आधाररेखा निर्धारण गर्नु पर्दछ। योजनामा यिनै सूचकहरूका आधारमा विपद् न्यूनीकरण र उत्थानशीलता विकासका लक्ष्य निर्धारण गर्नुपर्छ।

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|
| १ | **गाउँ/नगरपालिकामा विपद्बाट हुने मृत्युदर उल्लेख्य मात्रामा कम गर्ने** | --------------- | ------------ | ---------- |
| १.१ | मौसमजन्य, जलजन्य तथा हावापानीजन्य विपद्बाट मृत्यु हुनेको वार्षिक औसत[२] (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| १.२ | भौगर्भिक प्रकोपबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| १.३ | जैविक प्रकोपबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | --------------------- | ------------- | ----------- |
| १.३.१ | वन्यजन्तु लगायतका हिंस्रक जनावर (सर्पदंश, बौलाहा कुकुरको टोकाई समेत) बाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| १.३.२ | रोगको महामारीबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या) | | | |
| १.४ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत १५ वर्षको) संख्या | | | |

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|
| १.५ | अन्य दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत १५ वर्षको) संख्या | | | |
| १.६ | अन्य प्रकोपबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| **२** | **गाउँ/नगरपालिकामा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने।** | -------------- | ------------ | ---------- |
| **२.१** | **विपद्बाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या** | | | |
| २.१.१ | मौसमजन्य, जलजन्य तथा हावापानीजन्य विपद्बाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.१.२ | भौगर्भिक प्रकोपबाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.१.३ | जैविक प्रकोपबाट विरामी वा घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | --------------------- | ------------- | ----------- |
| २.१.३.१ | वन्यजन्तु लगायतका हिंस्रक जनावर (सर्पदंश, बौलाहा कुकुरको टोकाई समेत) बाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.१.३.२ | रोगको महामारीबाट प्रभावित/सङ्क्रमित हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या) | | | |
| २.१.४ | सडक दुर्घटनाबाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत १५ वर्षको) संख्या | | | |
| २.१.५ | अन्य दुर्घटनाबाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत १५ वर्षको) संख्या | | | |

| क्र.सं. | लक्ष्य र सूचकहरू[1] | वर्तमान अवस्था (आधार रेखा) | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|
| २.१.६ | अन्य प्रकोपबाट घाइते वा विरामी हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| **२.२** | **विपद्बाट क्षति हुने निजी तथा सार्वजनिक पूर्वाधार संरचना** | --------------- | ------------- | ------------- |
| २.२.१ | विपद्बाट क्षति हुने निजी घरहरूको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.२ | विपद्बाट क्षति हुने गोठ र अन्य संरचनाहरूको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.३ | विपद्बाट क्षति हुने खानेपानी योजनाको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.४ | विपद्बाट क्षति हुने पुल, बाटोको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.५ | विपद्बाट क्षति हुने टेलिफोन, रेडियो, टिभि, इन्टरनेट सेवाहरूको वार्षिक औसत (गत १५वर्षको) संख्या | | | |
| २.२.६ | विपद्बाट क्षति हुने बिजुली प्रणालीको वार्षिक औसत (गत १५ वर्षको) संख्या | | | |
| २.२.७ | विपद्बाट क्षति हुने स्वास्थ्य सेवा संरचनाहरूको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.८ | विपद्बाट क्षति हुने सार्वजनिक भवन (विद्यालय, दुग्ध सङ्कलन केन्द्र, जस्ता भौतिक संरचनाहरू) को वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|
| २.२.९ | विपद्बाट क्षति हुने सार्वजनिक भवन (तरकारी, फलफूल तथ दुग्ध सङ्कलन केन्द्र जस्ता भौतिक संरचनाहरू) को वार्षिक औसत(सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.१० | विपद्बाट क्षति हुने अन्य सेवा संरचनाहरूको (सरकारी सेवा, वित्तीय सेवा, हुलाक आदि) वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.३ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या (निजीघर गोठ, जग्गा, खेतिबाली, पशुचौपाया आदिको नोक्सान) | | | |
| **३** | **गाउँ/नगरपालिकामा कूल आर्थिक आयमा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रूपमा कम गर्ने** | ------------- | ------------ | ---------- |
| ३.१ | कृषि क्षेत्रमा (अन्नबाली, फलफूल, तरकारी, माछापालन आदिको) विभिन्न विपद्को कारण हुने औसत वार्षिक प्रत्यक्ष आर्थिक क्षति । | रु. | रु. | रु. |
| ३.२ | पशुपालन क्षेत्रमा विभिन्न विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. | रु. | रु. |
| ३.३ | वन क्षेत्रमा (काठ, दाउरा, जडीबुटी आदि) विभिन्न विपद्को कारण हुने औसत वार्षिक प्रत्यक्ष आर्थिक क्षति। | रु. | रु. | रु. |
| ३.४ | पर्यटन क्षेत्रमा (होटल, ट्रेकिङ् आदि) विभिन्न विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. | रु. | रु. |
| ३.५ | उद्योग, व्यापार क्षेत्रमा विभिन्न विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. | रु. | रु. |

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|---|
| ३.६ | भौतिक पूर्वाधार क्षेत्रमा (घर, भवन, सडक, खानेपानी, विद्युत आदि) विभिन्न विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. | | रु. | रु. |
| ३.७ | अन्य क्षेत्रमा (.........) विभिन्न विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति । | रु. | | रु. | रु. |
| ४ | **संवेदनशील पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गरी उत्थानशीलता विकास गर्ने** | **जम्मा** | **हालको अवस्था** | | |
| ४.१ | रेडियो, टेलिफोन, टेलिभिजन, इन्टरनेट लगायतका दुरसञ्चार सेवामा अवच्छिन्न पहुँच (जम्मा घर संख्या र पहुँच भएको घरसंख्या/प्रतिशत) | | | | |
| ४.२ | स्वास्थ्य भवनहरूको प्रवलीकरण/मर्मत गरी उत्थानशीलता विकास गर्ने (जम्मा स्वास्थ्य भवन र भूकम्प प्रतिरोधी संरचना भएका भवनको संख्या) | | | | |
| ४.३ | विद्यालय भवनहरूको प्रवलीकरण, मर्मत गरी उत्थानशीलता विकास गर्ने (जम्मा विद्यालय भवन र भूकम्प प्रतिरोधी संरचना भएका भवन (कक्षा-कोठा) संख्या) | | | | |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागि नियमित पूर्वतयारी र नमुना तथा पूर्वतयारी अभ्यास गर्ने विद्यालयहरूको संख्या (जम्मा विद्यालय र पूर्वतयारी अभ्यास गर्ने विद्यालयहरूको संख्या) | | | | |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास (जम्मा सार्वजनिक र सरकारी भवनको संख्या र प्रकोप जोखिम कम हुनेगरी निर्माण र सञ्चालन भएका सार्वजनिक र सरकारी भवनहरूको संख्या) | | | | |

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|---|
| ४.६ | साँस्कृतिक सम्पदाहरूको प्रवलीकरण गरी उत्थानशीलताको विकास (जम्मा सम्पदाको संख्या र प्रकोप जोखिम कम हुनेगरी निर्माण र सञ्चालन गरिएका सम्पदाको संख्या) | | | | |
| ४.७ | बसपार्क, खेल मैदान आदिको उत्थानशीलता विकास (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.८ | जलविद्युत उत्पादन गृह, बाँध, वितरण प्रणालीको उत्थानशीलता (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.९ | टेलिफोन टावर, रेडियो प्रशारण स्टेसन, टिभि केवल, इन्टरनेट तथा अन्य दूरसञ्चार प्रणालीको उत्थानशीलता (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.१० | खानेपानी, पानीघट्ट, सिंचाई कुलो, कुवा, इनार आदिको उत्थानशीलता (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.११ | जोखिमयुक्त पोखरी, तालहरूको जोखिम न्यूनीकरण (जम्मा संख्या र प्रकोप जोखिम न्यूनीकरण हुने गरी निर्माण गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.१२ | भवन संहिता पालना र विपद् जोखिम न्यूनीकरण हुने गरी निर्माण/प्रवलीकरण गरिएका निजी आवासीय घरहरू (प्रतिशतमा) | | | | |
| ४.१३ | नदी, खोला किनारा संरक्षण र पुनरुत्थान (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी संरक्षण गरिएकाहरूको संख्या वा दुरी (तटबन्ध - कि.मि.)) | | | | |

| क.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|---|
| ४.१४ | संरक्षित जलाधारको संख्या (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी संरक्षण गरिएका जलाधारहरूको संख्या) | | | | |
| ४.१५ | विपद् न्यूनीकरण र जलवायु-मैत्री विकास अपनाएका गाउँ/बस्तीहरूको संख्या (वातावरणमैत्री घोषणा भएका टोल/वडा संख्या) | | | | |
| ४.१६ | जलवायु-मैत्री कृषि प्रविधि अपनाएका गाउँ/बस्तीहरूको संख्या | | | | |
| ४.१७ | फोहोर व्यवस्थापन, ढल निकास गरी व्यवस्थित भएका टोल, आवासीय क्षेत्रको संख्या | | | | |
| **५** | **गाउँ/नगरपालिकामा विपद् जोखिम न्यूनीकरणका लागि नीतिगत, कानुनी, संस्थागत संरचना साथै योजना तयार गरी लागु गर्ने।** | | | | |
| ५.१ | विपद् जोखिम न्यूनीकरण नीति, ऐन, नियम, मापदण्ड तयार गरी कार्यान्वयन भएको अवस्था | | | | |
| ५.२ | विपद् जोखिम न्यूनीकरणका लागि संस्थागत संरचना (शाखा, कर्मचारी), स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति गठन भएको वडाको संख्या | | | | |
| ५.३ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन भएको अवस्था | | | | |
| ५.४ | विपद् व्यवस्थापनमा अन्य स्थानीय तहसँगको समन्वय र साझेदारी | | | | |
| ५.५ | पुनर्निर्माण र पुनःस्थापनामा विपद् उत्थानशीलता र अझ बलियो निर्माणको सिद्धान्त अवलम्बन गर्ने सरकारी निकायहरूको संख्या (जम्मा सरकारी निकाय र अवलम्बन गर्ने निकायको संख्या) | | | | |

| क.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|---|
| ६ | **बहुप्रकोप पूर्वसूचना प्रणाली र सूचना तथा पूर्वानुमानको उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने** | **जम्मा** | **हालको अवस्था** | | |
| ६.१ | कूल जनसंख्याको अनुपातमा प्रकोप सम्मुखतामा रहेको जनसंख्याको प्रतिशत | | | | |
| ६.२ | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित बहु-प्रकोप अनुगमन तथा पूर्वसूचना प्रणालीमा पहुँच भएका क्षेत्रफलको प्रतिशत | | | | |
| ६.३ | प्रकोप सम्मुख रहेको जनसंख्याको अनुपातमा प्रकोप पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | | | |
| ६.४ | पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी र प्रतिकार्य गर्ने जनसंख्याको प्रतिशत | | | | |

[१,२] <u>नोटः</u> (१) माथिको तालिकामा उल्लिखित प्रकोपहरूको वर्गीकरण निम्न बमोजिम हुन्छः

(क) <u>भौगर्भिकः</u> भू-कम्प, ज्वालामुखी, भू-बनोट वा भू-कम्पका कारण उत्पन्न हुने पहिरो, भू-स्खलन आदि।

(ख) <u>मौसमजन्यः</u> चट्याङ, सबै प्रकारका हावाहुरी, असिना आदि।

(ग) <u>जलजन्यः</u> वर्षा, पोखरी, ताल वा हिमताल विष्फोट जस्ता कारणबाट हुने सबै प्रकारका बाढी एवम् डुवान र नदी कटान, अतिवृष्टि, भिषण हिमपात, अनावृष्टि, हिमपहिरो आदि।

(घ) <u>हावापानीजन्यः</u> शीतलहर, खडेरी, तातो हावाको लहर(लू), प्राकृतिक कारण लाग्ने वन डढेलो, लामो अवधिसम्म सुख्खा परेर उत्पन्न हुने खडेरी, तुषारो, ऋतु अनुसार लाग्ने वाक्लो (अनिष्टकारी) हुस्सु, कुहिरो आदि।

(ङ) <u>जैविकः</u> सबै प्रकारका कीटाणु, विषाणुका कारण हुने रोगव्याधि, सर्पदंश, जनावरहरूको आक्रमण वा आतङ्क, खेतीबालीमा हुने अनिष्टकारी सलह कीराहरूको आक्रमण, रोगव्याधि, पशुपन्छीमा लाग्ने फ्लु, आदि।

(च) <u>दुर्घटनाः</u> खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागि, विषादी, ग्याँस, रसायन, विकिरण चुहावट, ग्याँस विष्फोटन, प्रकोप उद्धार कार्यमा हुने दुर्घटना, विषाक्त खाद्य सेवन (जानाजान गरेको नभई, भवितब्यमा परी गरेको विष-सेवन), मेशिन सञ्चालन गर्दा हुने दुर्घटना, माटो खन्दा ढिस्को खसेर पुरिने, भौतिक संरचना भत्कने आदि।

(छ) <u>प्रदुषण लगायत अन्य प्रकोपहरुः</u> अत्यधिक स्रोत दोहनका कारण हुने मरुभूमिकरण, विभिन्न मानवीय स्रोत र कारणबाट हुने वातावरणीय प्रदुषण, भोकमरी आदि।

(२) एकभन्दा बढी स्रोत वा कारणबाट उत्पन्न हुने वा भएको प्रकोपको वर्गीकरण गर्दा त्यसको मूल स्रोत वा कारणका आधारमा वर्गीकरण गर्नुपर्छ। बढी पानी परेर पहिरो गएको भए जलजन्य र भू-कम्पका कारण वा जमिनको बनोटका कारण पहिरो गएको भए भौगर्भिक हुन्छ। मुख्य स्रोत वा कारणका साथै अन्य स्रोत र कारणहरूको समेत यथेष्ठ लेखाजोखा गर्नुपर्छ।

(३) औसत निकाल्ने तरिकाः- तथ्याङ्कको उपलब्धता अनुसार विपद्बाट विगतमा भएका हरेक वर्षको हानी नोक्सानी प्रत्येक सूचकका लागि छुट्टाछुट्टै जोड्ने। कूल अङ्कलाई जम्मा वर्ष संख्याले भाग गर्ने। त्यसबाट आउने भागफल औसत संख्या हो।

(४) ३० वर्षको तथ्याङ्कः- आधिकारिक र भरपर्दो दस्तावेजमा रेकर्ड भएको तथ्याङ्क उपलब्ध भएसम्म विगत ३० वर्षसम्मको लिने। यस्तो तथ्याङ्क समुदायमा वा अन्यत्र जानकारी भएकाहरूबाट सोधपुछ गरी सङ्कलन गर्न सकिने। जलवायु परिवर्तन सम्बन्धी क्रम (Trend) विश्लेषण गर्न र प्रक्षेपण गर्न सामान्यतया ३० वर्षको तथ्याङ्क प्रयोग गर्ने गरिन्छ।

# अनुसूची-३.

## विपद् जोखिम न्यूनीकरण स्थानीय रणनीतिक क्रियाकलापहरू (नमुना)

**प्राथमिकताप्राप्त क्षेत्र १- विपद् जोखिम बारेको बुझाई सम्बन्धी रणनीतिक योजना**

**तालिका १.१ प्रकोप बमोजिम जोखिमको आँकलन**

| रणनीतिक क्रियाकलाप (के, कहाँ) | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विभिन्न प्रकोप प्रभावित र जोखिममा रहेका भौगोलिक क्षेत्र निर्धारण गर्ने र सबै वडामा सम्भावित प्रकोपहरूले क्षति पुग्न सक्ने घरहरूको नक्शाङ्कन गर्ने। | गाउँ/नगरपालिका क्षेत्रका विभिन्न प्रकोपको जोखिममा रहेका सबै प्रभावित क्षेत्र र घर-परिवारको विस्तृत जानकारी उपलब्ध हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | पूर्वाधार विकास शाखा |
| सबै वडामा लिङ्ग, उमेर र अपाङ्गताका आधारमा विभिन्न प्रकोपको जोखिममा रहेका जनसंख्या आँकलन गर्ने र Geo-Spatial प्रविधि प्रयोग गरी नक्शाङ्कन गर्ने। | विभिन्न प्रकोपहरूको जोखिममा रहेका जनसंख्याको छुट्टाछुट्टै (Disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ र उनीहरू रहेको स्थानको जानकारी उपलब्ध हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | महिला तथा बालबालिका शाखा |
| सबै वडामा आश्रयस्थल, विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, खानेपानी र अन्य भौतिक संरचनाहरूमा प्रकोपहरूको जोखिम आँकलन गर्ने। | जोखिमयुक्त भौतिक संरचनाहरूको जलजन्य प्रकोपहरूको जोखिमस्तर (उच्च, मध्यम र न्यून) को जानकारी उपलब्ध हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा | वडा कार्यालय |
| प्रकोपहरूबाट विभिन्न उत्पादनमूलक क्षेत्रमा (कृषि, वन, पशुपन्छी, उद्योग आदि) भएका औसत वार्षिक क्षति र सम्भावित क्षति आँकलन गर्ने। | गाउँ/नगरपालिकामा प्रकोपबाट विभिन्न उत्पादनमूलक क्षेत्रमा भएका औसत वार्षिक क्षति बुझ्न र न्यूनीकरण गर्न आधार हुनेछ। | अल्पकालीन | सामाजिक विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | कृषि शाखा, उद्योग शाखा |

| | | | | |
|---|---|---|---|---|
| प्रकोपहरूबाट गाउँ/नगरपालिकाको विभिन्न सेवामूलक क्षेत्रमा (शिक्षा, स्वास्थ्य, खानेपानी आदि) भएका औसत वार्षिक क्षति आँकलन गर्ने। | गाउँ/नगरपालिकामा प्रकोपहरूबाट विभिन्न सेवामूलक क्षेत्रमा भएका औसत वार्षिक क्षति बुझ्न र न्यूनीकरण गर्न आधार हुनेछ। | अल्पकालीन | सामाजिका विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | शिक्षा शाखा, स्वास्थ्य शाखा, खानेपानी तथा सरसफाई एकाइ |
| सबै वडामा मौजुदा र सम्भाव्य प्रकोपहरूको जोखिमलाई ध्यान दिई भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | विपद् जोखिम संवेदनशील भूउपयोग योजना कार्यान्वयन भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | वडा कार्यालय |
| मौसम तथा जलवायु विश्लेषण, नदी, हिमनदी र जलाधारहरूको जलसतह र वर्षा अनुगमन प्रणाली (Real-Time Observation, Monitoring System) बाट उपलब्ध जानकारी, सूचना र सङ्केतहरूमा पहुँच सुदृढ गर्ने। | नदीहरूको जलसतह तथा वर्षा सम्बन्धी अद्यावधिक तथ्याङ्क र जोखिम सम्बन्धी जानकारी उपलब्ध भएको हुनेछ। | अल्पकालीन र निरन्तर | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| माटो तरलता (Soil Liquefaction) जोखिमको आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने। | स्थानीय स्तरमा माटो तरलता (Soil Liquefaction) आँकलन तथा नक्साहरू उपलब्ध भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा | खानी तथा भूगर्भ विभाग |
| जोखिमयुक्त पूर्वाधारहरू, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरू, आश्रम, विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, खानेपानी र अन्य भौतिक संरचनाहरूको संरचनागत विश्लेषण (Structural Assessment) गरी भूकम्पीय जोखिम आँकलन गर्ने र Geospatial प्रविधि प्रयोग गरी नक्शाङ्कन गर्ने। | जोखिमयुक्त भौतिक संरचनाहरूको भूकम्पीय जोखिमस्तर (उच्च, मध्यम र न्यून) र भौगोलिक अवस्थिति बारे जानकारी उपलब्ध हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | खानी तथा भूगर्भ विभाग |

| | | | | |
|---|---|---|---|---|
| गाउँ/नगरपालिका भित्रका जलाधार क्षेत्रहरूमा भू-क्षय आँकलन तथा नक्शाङ्कन गर्ने। | प्रमुख जलाधारहरूको भू-क्षय नक्सा तयार हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | भूसंरक्षण डिभिजन |
| गाउँ/नगरपालिका भित्रका सडकमा धेरै दुर्घटना हुने क्षेत्रको नक्शाङ्कन गर्ने। | दुर्घटनाग्रस्त सडक क्षेत्रको पहिचान भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा | सडक डिभिजन, ट्राफिक प्रहरी कार्यालय |
| सबै वडामा सडक दुर्घटनाका सम्भावित क्षेत्रहरूमा निरन्तर सडक अनुगमन प्रणाली (Real-Time Road Surveillance System) स्थापना गर्ने। | सडक दुर्घटनाको तत्काल जानकारी उपलब्ध हुनेछ। | निरन्तर | पूर्वाधार विकास शाखा, वडा कार्यालय | सडक डिभिजन कार्यालय, नेपाल प्रहरी |
| नगर/गाउँपालिकामा महामारीको निरन्तर अनुगमन प्रणाली (Real-Time Disease Outbreak and Surveillance System) स्थापना गर्ने। | महामारी सम्बन्धमा तत्काल जानकारी उपलब्ध भएको हुनेछ। | निरन्तर | स्वास्थ्य शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्वास्थ्य कार्यालय |
| सबै समुदायमा जल तथा मौसम विज्ञान विभागबाट उपलब्ध हुने मौसम सम्बन्धी सूचनामा समुदायको पहुँच विस्तार गर्ने। | मौसम र सम्बन्धित प्रकोपको जानकारी निरन्तर उपलब्ध भएको हुनेछ। | निरन्तर | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालय | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, |

| | | | | |
|---|---|---|---|---|
| गाउँ/नगरपालिका क्षेत्रमा वन डढेलोको जोखिम आँकलन गर्न निरन्तर अनुगमन प्रणाली (Real-Time Fire Monitoring System) स्थापना र सञ्चालन गर्ने। | वन डढेलो सम्बन्धी निरन्तर जानकारी उपलब्ध भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | डिभिजन वन कार्यालय |
| | | | | |

**तालिका १.२ बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय, अन्तर तह समन्वय**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिकामा विभिन्न निकाय, संघसंस्थाबाट गरिने प्रकोप विश्लेषण र विपद् लेखाजोखा सम्बन्धी तथ्याङ्क सङ्कलनमा एकरूपता कायम गर्ने। | स्थानीय तहको नेतृत्वमा प्रकोप, सम्मुखता, सङ्कटासन्नता र विपद् जोखिम सम्बन्धी तथ्याङ्क सङ्कलनमा एकरूपता कायम भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| रोगव्याधिको महामारी, भूकम्प, मौसम तथा जलवायुजन्य लगायतका विभिन्न प्रकोपको जोखिम आँकलन र नक्शाङ्कनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित विभाग/निकाय, अन्य स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने। | प्रकोप सम्मुखता, सङ्कटासन्नता र विपद् जोखिम आँकलन तथा नक्शाङ्कन गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा र सम्बन्धित विषयगत शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकारको सम्बन्धित निकाय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सबै वडामा विभिन्न प्रकोपहरूको जोखिम आँकलन र नक्शाङ्कनका लागि स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने। | प्रकोप सम्मुखता, सङ्कटासन्नता तथा विपद् जोखिम आँकलन र नक्शाङ्कन गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था तथा निजी क्षेत्र |

**तालिका १.३ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणाली विकास तथा सूचना प्रवाह**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सबै वडामा विद्यमान र सम्भाव्य प्रकोपको विपद् जोखिम बारे सचेतना जगाउन स्थानीय भाषा, लवजमा चेतनामूलक सामग्री विकास गर्ने। | विद्यमान र सम्भाव्य प्रकोपको विपद् जोखिम बारे सचेतना जगाउन स्थानीय भाषा, लवजमा चेतनामूलक सामग्री उपलब्ध भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, | शिक्षा शाखा, स्वास्थ्य शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था र निजी क्षेत्र |
| सबै समुदायमा चेतनामूलक जानकारी, सन्देश प्रशारण गर्न सञ्चारमाध्यमहरू परिचालन गर्ने। | विपद् जोखिम बारे प्रचारप्रसार र जानकारी सञ्चार भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | सूचना ताथ प्रविधि शाखा, स्थानीय सञ्चार माध्यमहरू |
| सरकारी कार्यालय, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू र सञ्चार माध्यमहरू बीच विपद् जोखिम सूचना आदानप्रदान तथा सहकार्य गर्न कार्यविधि बनाई | विपद् जोखिम सूचना साझेदारीमा सहकार्य भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| लागु गर्ने। | | | | |
| महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ता भएका व्यक्ति र अन्य सङ्कटासन्न समूहसम्म समयमै जोखिम सूचना पुऱ्याउन कार्यविधि तयार गरी लागु गर्ने। | महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ता भएका व्यक्ति र अन्य सङ्कटासन्न समूहलाई विपद् जोखिम सम्बन्धित सूचना र जानकारी उपलब्ध हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| गाउँ/नगरपालिकामा भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने र यसलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने। | एकीकृत विपद् जोखिम सूचना व्यवस्थापन प्रणाली स्थापना भएको हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |

**तालिका १.४ विपद् जोखिमको बुझाईका लागि क्षमता अभिवृद्धि**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सबै वडामा विभिन्न समुदायका महिला, बालबालिका, बृद्ध-बृद्धा, अपाङ्ग, सङ्कटासन्न समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूका लागि विपद् जोखिम सम्बन्धी चेतनामूलक प्रशिक्षण, तालिमहरू सञ्चालन गर्ने। | सङ्कटासन्न समुदाय र सरोकारवालाहरूको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता वृद्धि भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठानहरू, स्थानीय तहमा क्रियाशील विकास |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| | | | | साझेदार |
| विपद् जोखिम न्यूनीकरण प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्न जनशक्ति, प्रशिक्षण सामग्री, प्रविधिको व्यवस्था गर्ने। | सङ्कटासन्न समुदाय र सरोकारवालाहरूको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता वृद्धि भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थान शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विभिन्न सरोकारवालाहरू (विपद् व्यवस्थापन समितिहरू, विभिन्न निकायहरू, विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, उद्योग व्यवसाय लगायतका निजी क्षेत्र आदि) को भूमिका स्पष्ट हुने गरी तालीम तथा अभ्यास गर्ने गराउने। | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सरोकारवालाहरूको भूमिका, समन्वयको विधि र जिम्मेवारी सम्बन्धी बुझाई स्पष्ट भएको हुनेछ। | अल्पकालीन | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू |
| विपद् जोखिम न्यूनीकरण सम्बन्धमा सचेतना अभिवृद्धि कार्यक्रमहरूको विकास तथा सञ्चालन गर्नका लागि गैरसरकारी संस्था लगायतका सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने। | विपद् जोखिम सम्बन्धी चेतना अभिवृद्धिमा सहकार्य भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था तथा अन्य सरोकारवालाहरू |
| गाउँ/नगरपालिकामा सवारी चालकहरूको लागि नियमित सडक सुरक्षा शिक्षा कार्यक्रम सञ्चालन | सडक दुर्घटना कम गर्न सवारी चालकहरूको चेतना अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन | ट्राफिक प्रहरी कार्यालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गर्ने। | | | शाखा | |
| गाउँ/नगरपालिकामा सञ्चालित डाईभिङ्ग स्कूल, तालीम केन्द्रहरूको निर्धारित क्षमता र गुणस्तर मापदण्ड लागु गर्ने। | सडक दुर्घटना कम गर्न सवारी चालक, सहचालकहरूको सिप र क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन र निरन्तर | पूर्वाधार विकास शाखा | यातायात व्यवस्था कार्यालय |
| गाउँ/नगरपालिकामा प्रकोप, सङ्कटासन्नता, विपद् जोखिम आँकलन, विपद् प्रभाव मूल्याङ्कन साथै जोखिम संवेदनशील भू-उपयोग योजना तयार गर्न जनशक्ति विकास गर्ने। | जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा र कार्यान्यनका लागि जनशक्ति विकास भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायहरू |

**प्राथमिकताप्राप्त क्षेत्र २- विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण सम्बन्धी रणनीतिक योजना**

**तालिका २.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिका र वडामा विपद् व्यवस्थापन समिति/उपसमिति गठन र परिचालन गर्ने। | विपद् व्यवस्थापनका लागि गाउँ/नगरपालिकामा संस्थागत संरचनाको विकास भएको हुनेछ। | अल्पकालीन/ निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका, वडा कार्यालय, |
| विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विषयक्षेत्र (क्लष्टर) गठन गरी सुदृढीकरण गर्ने। | विभिन्न प्रकोपको विपद् पूर्वतयारी र प्रतिकार्य गर्न प्रत्येक विषयक्षेत्रको क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन / मध्यकालीन | स्थानीय विपद् व्यवस्थापन समिति | गाउँ/नगर कार्यपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| भौतिक पूर्वाधारहरूको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाहमा विपद् जोखिम न्यूनीकरणको अवस्थाको अनुगमन गर्ने। | पूर्वाधारहरूको सुरक्षित निर्माण र सञ्चालनमा उत्तरदायित्व स्थापित भएको हुनेछ। | अल्पकालीन | गाउँ/नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समिति | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| गाउँ/नगरपालिका अन्तर्गतका सबै विद्यालय तथा अस्पतालहरूमा विपद् व्यवस्थापन समिति गठन गर्ने। | विद्यालय तथा अस्पतालहरूमा प्रभावकारी रूपमा विपद् व्यवस्थापन गर्न संस्थागत संरचना भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | वडा कार्यालय |
| स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र बीच समन्वय र सहकार्य गर्ने। | स्थानीय तहमा विभिन्न प्रकोपका लागि प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्यको लागि तयारीमा सहयोग पुगेको हुनेछ। | अल्पकालीन र निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | नेपाल सरकार, प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालय |
| गाउँ/नगरपालिका भित्रका सडकमा मालवाहक तथा यात्रुवाहक सवारी साधनहरूको भार अनुगमन तथा नियन्त्रणका लागि सडक सुरक्षा एकाइ गठन गरी सुदृढीकरण गर्ने। | सवारी साधनहरूको भार अनुगमन तथा नियन्त्रण संयन्त्र स्थापना भएको हुनेछ। | अल्पकालीन | गाउँ/नगर प्रहरी | यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी |

### तालिका २.२ कानूनी र नियामक संरचनाको निर्माण

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिकामा भवन संहिताको कार्यान्वयन तथा मापदण्ड बनाई लागु गर्ने। | सुरक्षित भवन संरचना निर्माण र प्रयोगका लागि नीतिगत तथा कानुनी व्यवस्था भएको हुनेछ। | अल्पकालीन र निरन्तर | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार |
| गाउँ/नगरपालिका आँफैले, गैरसरकारी तथा सामाजिक संघसंस्थाले र निजी क्षेत्रले सञ्चालन गर्ने आयोजना वा प्रस्तावको स्थानीय कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी वातावरणीय व्यवस्थापन योजना अनुसार कार्यान्वयनको सुनिश्चितता गर्ने। | गाउँपालिका/नगरपालिकामा निर्माण र सञ्चालन हुने आयोजना/प्रस्तावको कार्यान्वयनबाट वातारणमा तथा विपद् व्यवस्थापनमा पर्ने नकारात्मक असरको न्यूनीकरण र सकारात्मक असरको बढोत्तरी भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, | पूर्वाधार विकास शाखा |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा योगदान पुऱ्याउने स्वयंसेवकहरूलाई पुरस्कृत गर्ने पद्दती विकास गर्ने। | समुदायमा विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने स्वयम्सेवकहरूमा प्रोत्साहन अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगरपालिका, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था |
| स्थानीय विपद् व्यवस्थापन कोष र खाद्यान्न बैंकको सञ्चालन कार्यविधि तयार गर्नै। | स्थानीय तहमा विपद् व्यवस्थापन कोष तथा खाद्यान्न बैंक सञ्चालनका लागि कानूनी व्यवस्था भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, कृषि शाखा | गाउँ/नगर कार्यपालिका |
| विपद्को समयमा सङ्कटासन्न समुदायको सुरक्षा तथा लैङ्गिक हिंसा रोकथामको लागि निर्देशिका तयार गर्ने। | विपद् प्रभावित स्थानमा लैङ्गिक हिंसा रोकथाम गर्न निर्देशिका तयार भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विपद् व्यवस्थापनका लागि समुदाय तहमा स्वयंसेवक परिचालन कार्यविधि तर्जुमा गरी लागु गर्ने। | विपद्को समयमा स्वयंसेवक परिचालन सहज भएको हुनेछ। | अल्पकालीन | सामाजिक विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| खोज तथा उद्धार, राहत व्यवस्थापन, पुनर्लाभ र पुनर्स्थापनाको लागि कार्यविधि तयार गर्ने। | विपद् व्यवस्थापन कार्य प्रभावकारी रूपमा सम्पादन गर्न सहयोग पुगेको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| विपद्का कारण उत्पन्न हुने भग्नावशेष र फोहोरमैला व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गर्ने। | विपद्को समयमा भग्नावशेष र फोहोर व्यवस्थापन गर्न सहज भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सरसफाई एकाइ | गाउँ/नगर कार्यपालिका |
| स्थानीय तहको आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन विधि तयार गर्ने। | आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन व्यवस्थित भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| समुदायस्तरमा विपद् व्यवस्थापन समिति गठन तथा परिचालनका लागि कार्यविधि तयार गर्ने। | समुदायस्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरू व्यवस्थित भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | गाउँ/नगर कार्यपालिका, स्थानीय तहमा क्रियाशील संघसंस्थाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| जोखिम आँकलनको आधारमा स्थानीय तहको सरहद भित्रका प्रमुख नदी जलाधारमा नदी व्यवस्थापन र जलाधार संरक्षणको लागि गुरुयोजना तयार गर्ने। | जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरणका लागि गुरु योजना तयार भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा, | प्रदेश सरकार, सिंचाई तथा जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन |
| गाउँ/नगरपालिकामा वातावरणमैत्री स्थानीय शासन प्रारूपको कार्यान्वयन गर्ने। | हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यहरू भएका हुनेछन्। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था |
| गाउँ/नगरपालिका भित्रका ऐतिहासिक तथा साँस्कृतिक सम्पदा मर्मतसम्भार, प्रवलिकरण र सुरक्षित सञ्चालनका लागि कार्यविधि तयार गरी लागु गर्ने। | ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको उत्थानशीलता वृद्धिका लागि कानूनी व्यवस्था भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | गाउँ/नगर कार्यपालिका, पुरातत्व विभाग, शहरी विकास तथा भवन निर्माण विभाग |

## तालिका २.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिकाका सबै पदाधिकारी, कर्मचारीहरूलाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी अनुशिक्षण तथा क्षमता विकास तालिम प्रदान गर्ने। | स्थानीय तहको विपद् जोखिम न्यूनीकरणमा शासकीय क्षमता विकास भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठान, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू |
| जोखिममा रहेका समुदायको विपद् व्यवस्थापनमा पहुँच, प्रतिनिधित्व र सहभागिता बढाउन क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | विपद् व्यवस्थापनमा जोखिममा रहेका समूह र समुदायको प्रभावकारी सहभागिता भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठान, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन समिति, सम्बन्धित सरकारी तथा गैरसरकारी र निजी क्षेत्रबीच सहकार्य र साझेदारी अभिवृद्धि गर्ने। | विपद् जोखिम न्यूनीकरणमा सरोकारवालाहरूको सहभागिता भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| सिमाना जोडिएका, जलाधारको उपल्लो तथा तल्लो तटीय क्षेत्रमा रहेका स्थानीय तह र समुदायसँग समन्वय र सहकार्य गर्ने। | विपद् न्यूनीकरणका काममा सहकार्य र साझेदारी अभिवृद्धि भएको हुनेछ। | दिर्घकालीन | स्थानीय विपद् व्यवस्थाप समिति | गाउँ/नगर कार्यपालिका |
| जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन विधि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्ने। | जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन गर्ने जनशक्तिको विकास भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, |

**तालिका २.४ विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिकामा विपद् जोखिम व्यवस्थापनका प्रक्रियाहरूमा लैङ्गिक तथा सामाजिक समावेशी सिद्धान्त लागु गर्ने। | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूमा लैङ्गिक तथा सामाजिक समावेशीताका सवालहरू सम्बोधन भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस । |
| विपद् व्यवस्थापन समिति, उपसमिति र कार्यदलहरूमा महिला, अपाङ्गता भएका, सीमान्तकृत एवं विभिन्न प्रकोपको उच्च जोखिममा रहेका समुदायको सहभागिता गराउने। | स्थानीय शासन पद्दतिमा सङ्कटासन्न समुदायको सहभागिता सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस |
| समाजका सीमान्तकृत समूह, महिला, बालबालिका, अपाङ्गता भएका तथा ज्येष्ठ नगारिकाका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्ने। | महिला, बालबालिका, अपाङ्गता भएको, तथा ज्येष्ठ नागरिकहरूको जोखिम कम भएको हुनेछ। | दीर्घकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस |

**प्राथमिकता प्राप्त क्षेत्र ३. उत्थानशीलता वृद्धिका लागि निजी तथा सार्वजनिक लगानीको प्रवर्द्धन सम्बन्धी रणनीतिक योजनाः**

तालिका ३.१ उत्थानशीलता वृद्धिमा लगानी प्रवर्धन

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| महिला, बालबालिका तथा पिछडिएका समुदायहरूको आवश्यकता बमोजिम उनीहरूको जीवनस्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रमहरू तथा तालिमहरू सञ्चालन गर्न लगानी गर्ने। | सङ्कटासन्न समुदायको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस, निजी क्षेत्र |
| विपद् जोखिम क्षेत्रका विपन्न, सीमान्तकृत समूहको आम्दानी बढाउने कार्यक्रम सञ्चालन गर्ने। | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | सामाजिका विकास शाखा, कृषि शाखा, उद्योग शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| विपद् जोखिममा रहेका समुदायका लागि सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारका विशेष कार्यक्रम सञ्चालन गर्ने। | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | सामाजिका विकास शाखा, स्वास्थ्य शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| आपत्कालीन समयमा अत्यावश्यक सेवाको निरन्तरताको लागि योजना बनाउने। | आपत्कालीन अत्यावश्यक सेवा र संरचनाहरू विपद् उत्थानशील भएका हुनेछन्। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| गाउँ/नगरपालिका अन्तर्गतका सडकमा पैदल यात्रीहरूका लागि सडकपेटी, सडक पार गर्ने संरचनाहरू (Overpasses, Underpasses) निर्माण गर्ने। | सडक सुरक्षाका संरचनाहरू निर्माण भएको हुनेछ। | अल्पकालीन र निरन्तर | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका, डिभिजन सडक कार्यालय |
| सडक दुर्घटना हुनसक्ने सम्भावित स्थानहरूमा सडक सुरक्षाका उपायहरू (Safety Barriers, Steel-Guard Rails, Road-Humps, Rumble Stripes, Reflective Road Markings, Signals) निर्माण गर्ने। | सडक सुरक्षाका संरचनाहरू निर्माण भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका, डिभिजन सडक कार्यालय |
| गाउँ/नगरपालिका अन्तर्गतका विद्यालय भवनहरू प्रवलीकरण गरी संरचना सुरक्षित गर्ने। | विद्यालयहरू उत्थानशीलता तर्फ अग्रसर भएका हुनेछन्। | मध्यकालीन | पूर्वाधार विकास शाखा, शिक्षा शाखा | नेपाल सरकार, प्रदेश सरकार, |
| जोखिमयुक्त हिमताल, ताल, पोखरीहरू र नदि किनाराको संरक्षण गर्न संरचनात्मक उपाय गर्ने। | ताल, हिमतालहरू, पोखरी फुट्ने र त्यसबाट उत्पन्न हुने बाढीको जोखिम कम भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिका भित्रका पोखरी र सिमसार संरक्षण, वर्षाको पानी सङ्कलन, पानी संरक्षण र जमिन रिचार्ज गर्ने प्रविधिमा लगानी गर्ने। | जमिनको सुख्खापन कम गर्न सहयोग पुग्नेछ र आगलागिबाट हुने क्षति न्यूनीकरणमा सहजीकरण भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा, खानेपानी एकाइ | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका |
| स्थानीय स्रोत, सामग्रीमा आधारित वातावरणमैत्री भौतिक संरचना र प्रविधिमा लगानी प्रवर्द्धन गर्ने। | हरित संरचनाले जोखिम न्यूनीकरण र जलवायु अनुकूलनमा सहयोग पुग्नेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका, निजी क्षेत्र |
| सबै वडामा जोखिममा रहेका समुदायलाई पर्याप्त हुने गरी मानिसहरू तथा पशुपन्छी राख्न आश्रयस्थल, गोठ, खुला चौर र तिनमा खानेपानी, शौचालय स्थापना गर्ने। | विपद्को समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरू उपलब्ध भएका हुनेछन्। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा | खानेपानी एकाइ |
| सुरक्षित पदयात्राका लागि पर्यटकीय गन्तव्यहरूमा सञ्चार सुविधा, आपत्कालीन आवासको व्यवस्था लगायतका पूर्वाधार र संरचनाको विकास गर्ने। | पर्यटकीय गन्तव्यहरूमा आपत्कालीन आश्रय, सञ्चारको व्यवस्था भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, निजी क्षेत्र |
| गाउँ/नगरपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य संस्थामा आकस्मिक उपचार केन्द्रहरू स्थापना गर्ने। | विपद्को समयमा घाइतेहरूको उपचारका लागि पर्याप्त सुविधा उपलब्ध भएको हुनेछ। | मध्यकालीन | स्वास्थ्य शाखा | स्वास्थ्य कार्यालय |
| स्वच्छ र नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने। | जलवायु परिवर्तन अनुकूलनमा योगदान भएको हुनेछ। | दीर्घकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिका भित्रका सामाजिक, आर्थिक तथा साँस्कृतिक पूर्वाधारको प्रवलिकरणका लागि लगानी बढाउने। | जोखिमयुक्त पूर्वाधारहरू सुरक्षित भएका हुनेछन्। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | शहरी विकास तथा भवन निर्माण विभाग, पुरातत्व विभाग |
| निजी आवास, होटेल, सपिङ्ग मल, व्यावसायिक तथा औद्योगिक भवनहरू प्रवलीकरण गर्न नीतिगत एवम् लगानी प्रोत्साहन गर्ने। | निजी संरचनाहरू सुरक्षित भएका हुनेछन्। | दीर्घकालीन | गाँउ/नगर कार्यपालिका | नेपाल सरकार, प्रदेश सरकार |
| गाउँ/नगरपालिका भित्रका सरकारी कार्यालय, सामुदायिक भवन, विद्यालय, अस्पताल र आश्रयस्थल बालबालिका, बृद्ध-बृद्धा तथा अपाङ्गमैत्री बनाउने। | पूर्वाधार संरचनाहरूमा बालबालिका, बृद्ध-बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच बढेको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका |
| बाढी तथा पहिरो जोखिम न्यूनीकरणका लागि जैविक बाँध, वृक्षरोपण, वन संरक्षण, जलाधार संरक्षण कार्यलाई प्रोत्साहन गर्ने। | वातावरण संरक्षण र बाढी तथा पहिरो जोखिम न्यूनीकरण भएको हुनेछ। | दीर्घकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्रदेश सरकार, गाउँ/नगरपालिका |
| बाढी पहिरोको जोखिममा रहेका ........ समुदायमा जोखिम न्यूनीकरणका लागि दिगो संरचना (तटबन्ध, चेकड्याम आदि) निर्माण गर्ने। | दिगो सरंचनाबाट बाढी जोखिम न्यूनीकरण भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, प्रदेश सरकार, गापा/नपा |
| पहिरो जोखिम न्यूनीकरण गर्न ......... स्थानमा संरचनागत प्रविधि (भिरालो जमिन सुदृढीकरण, भू-क्षय नियन्त्रण, जल निकास सुधार आदि) अवलम्बन गर्ने। | पहिरो जोखिम न्यूनीकरण गर्न लगानी अभिवृद्धि भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| ... वडामा ढल निकास प्रणालीको स्तरोन्नती गर्ने, पार्क निर्माण, प्राकृतिक 'हरित पेटी' निर्माण र संरक्षण गर्ने। | बजार/शहरी क्षेत्रको बाढी जोखिम न्यूनीकरण भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | शहरी विकास मन्त्रालय, प्रदेश सरकार, गाउँ/नगरपालिका |

तालिका ३.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सबै विषयक्षेत्रगत योजना तथा कार्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहिकरण हुने गरी लागत अनुमान तयार र कार्यान्वयन गर्ने | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहिकरण सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | सबै शाखाहरू, वडा कार्यालयहरू | गाउँ/नगर कार्यपालिका |
| गाउँ/नगरपालिका भित्रका सडक सुरक्षाका लागि बजेट विनियोजना गर्ने। | सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा | सडक विभाग |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र विपद् जोखिममा रहेका समुदायको उत्थानशीलता अभिवृद्धि गर्ने क्रियाकलाप योजनामा समाविष्ट गर्ने। | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्रियाकलापहरू कार्यान्वयन भएका हुनेछन्। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | गाउँ/नगरपालिका |
| ....... | | | | |

तालिका ३.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिका भित्रका साना व्यापार व्यवसाय तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरताका लागि योजना बनाउन प्रोत्साहित गर्ने। | विपद्को समयमा व्यवसाय निरन्तर सञ्चालन भएको हुनेछ। | अल्पकालीन | उद्योग शाखा | सहकारी संस्था, उद्योगी तथा व्यवसायी । |
| विपद् जोखिम व्यवस्थापनमा निजी क्षेत्रको स्रोत परिचालन प्रवर्द्धन गर्ने। | विपद् जोखिम व्यवस्थापनमा निजी क्षेत्रको लगानी अभित्रृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उद्योगी, व्यवसायीहरू |
| विपद् प्रभावित व्यक्तिहरूलाई रोजगारी, सहुलियत ऋण, निर्ब्याजी ऋण, सशर्त नगद सहयोग उपलब्ध गराउने उपायहरूको प्रवर्द्धन गर्ने। | विपद् प्रभावितहरूको पुनर्लाभमा सुधार भएको हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | सहकारी, बैंक तथा वित्तीय संस्थाहरू |
| व्यावसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) कार्यक्रम मार्फत विपद् पश्चात पुनर्लाभ र पुनर्निर्माणमा निजी लगानी अभिवृद्धि गर्ने। | पुनर्लाभ र पुनर्निर्माणमा निजी लगानी अभिवृद्धि भएको हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन | उद्योगी, व्यवसायीहरू |
| | | | | |

तालिका ३.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सङ्कटासन्न समूह र विपद् जोखिम न्यूनीकरणमा संलग्न व्यक्ति तथा समुदायको जीवन बीमा, दुर्घटना बीमा गर्न प्रोत्साहन गर्ने। | सङ्कटासन्न समूह र विपद् जोखिम न्यूनीकरणमा संलग्न व्यक्ति तथा समुदायको जोखिममा आर्थिक हिस्सेदारी वृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय बीमा समिति, बीमा कम्पनिहरू |
| भौतिक पूर्वाधार निर्माण एवम् विभिन्न सेवामा संलग्न निर्माण व्यवसायी तथा व्यावसायिक, प्रतिष्ठानहरूले कामदार, कर्मचारीहरूको दुर्घटना बीमा गर्ने व्यवस्था गर्ने। | कामदार, कर्मचारीको विपद् जोखिममा साझेदारी भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उद्योगी, निर्माण व्यवसायीहरू, अन्य व्यवसायीहरू |
| कृषि तथा पशु विमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिऊ भण्डारण केन्द्रहरू स्थापना गर्ने। | कृषि क्षेत्रमा विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ। | अल्पकालीन | कृषि शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका |
| जीवन तथा निर्जीवन विमा प्रणालीलाई विस्तार गर्न प्रोत्साहलन गर्ने। | बिमा मार्फत विपद् जोखिम व्यवस्थापन भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय बीमा समिति, बीमा कम्पतीहरू |
| सामाजिक सुरक्षा कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने। | जोखिममा रहेका समूहलाई विपद् सामना गर्न सहयोग पुगेको हुनेछ। | मध्यकालीन | सामाजिक विकास शाखा | नेपाल सरकारको अर्थ मन्त्रालय, गृह मन्त्रालय, गाउँ/नगरपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| राहत वितरणलाई एकद्वार प्रणालीमा वडा कार्यालय मार्फत वितरण गर्ने व्यवस्था मिलाउने। | राहत वितरण प्रभावकारी भएको हुनेछ। | मध्यकालीन | स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय स्तरमा क्रियाशील गैरसरकारी संस्था |
| | | | | |

**प्राथमिकताप्राप्त क्षेत्र ४- विपद् प्रतिकार्य र पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण"का लागि विपद् पूर्वतयारीको सुदृढीकरणका लागि रणनीतिक कार्ययोजना**

तालिका ४.१ प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| मौसमजन्य प्रकोप (बाढी, पहिरो, शीतलहर, आगलागि, डढेलो) को जोखिम हुने मौसम सुरु हुनु अगावै न्यूनीकरण र प्रतिकार्य योजना बनाई लागु गर्ने। | झोखिम आँकलन गर्न सकिने प्रकोपको प्रभावकारी विपद् प्रतिकार्य भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गाउँ/नगर कार्यपालिका, विषयक्षेत्र |
| गाउँ/नगरपालिका भित्र आपत्कालीन अवस्थामा प्रयोगमा आउने मुख्य/सहायक वा वैकल्पिक मार्गहरूको पहिचान गरी मर्मत तथा स्तरोन्नती गर्ने। | आपत्कालीन यातायात प्रणाली विपद् उत्थानशील उन्मुख भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा, वडा कार्यालय | गाउँ/नगरपालिका, स्थानीय समुदाय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिका भित्रका वन जङ्गलहरूमा अग्नी रेखा निर्माण तथा नियमित सरसफाई गर्ने। | आगलागिबाट हुने क्षति न्यूनीकरण भएको हुनेछ। | अल्पकालीन | वन उपभोक्ता समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा | वडा कार्यालय, वन कार्यालय |
| मनसुन अगावै ढल निकास मार्गहरू नियमित सफाई गर्ने। | मनसूनजन्य विपद्को न्यूनीकरणमा सहजीकरण भएको हुनेछ। | अल्पकालीन | सरसफाई एकाइ, वडा कार्यालय | स्थानीय समुदाय |
| सार्वजनिक, सरकारी र व्यावसायिक भवन एवम् परिसरमा सुरक्षितपूर्वक बाहिरिने मार्ग (Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई सिमाङ्कन गर्ने। | सार्वजनिक भवन तथा स्थलहरू विपद् प्रतिकार्यका लागि पूर्वतयारी अवस्थामा भएका हुनेछन्। | अल्पकालीन | वातारण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय/ वडास्तरीय विपद् व्यवस्थापन समिति, कार्यालयहरू |
| प्रदेश र संघीय निकायसँग समेत समन्वय गरी आपत्कालका लागि खाद्यान्न, पानी, औषधी र अन्य राहत सामग्रीहरूको व्यवस्था गर्ने। | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरूमा राहत तथा उद्धार सामग्रीहरूको लागि भण्डारण गृह उपलब्ध भएको हुनेछ। | दीर्घकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस, क्रियाशील गैरसरकारी संस्था, निजी क्षेत्र |
| उद्धार सामग्री तथा उपकरणहरू (डुङ्गा, दमकल, एम्बुलेन्स, स्ट्रेचर, प्राथमिक उपचार बाकस आदि) व्यवस्था गर्ने। | विपद् संवेदनशील स्थानहरूमा उद्धार सामग्रीहरू उपलब्ध भएको हुनेछ। | दीर्घकालीन | स्थानीय आतपकालिन कार्यसञ्चालन केन्द्र | नेपाल सरकार, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| महिला, गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष औषधी, सरसफाईका सामान, सहायक उपकरणहरू व्यवस्था गर्ने। | आपत्कालीन समयमा सङ्कटासन्न समूहको विशेष आवश्यकता सम्बोधन भएको हुनेछ। | दीर्घकालीन | महिला तथा बालबालिका शाखा, | गाउँ/नगर कार्यपालिका, क्रियाशील गैरसरकारी संस्था |
| सरोकारवालाहरूको सहभागितामा प्रत्येक वर्ष मनसून अगाडी विपद् पूर्वतयारी र मनसून पछि समीक्षा गर्ने। | विपद् पूर्वतयारी तथा प्रतिकार्यको परिक्षण भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विपद् व्यवस्थापन समिति |
| गाउँ/नगरपालिकामा विपद्को क्षति र आवश्यकताको द्रुत आँकलन क्षमता विकास गर्ने। | विपद्को क्षतिको जानकारी तुरुन्त उपलब्ध भएको हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| | | | | |

तालिका ४.२ विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सञ्चालनमा रहेका बाढी तथा हिमताल विस्फोटन सम्बन्धी पूर्वसूचना प्रणालीमा पहुँच स्थापना गर्ने। | पूर्वसूचना प्रणालीमा समुदायको पहुँच भएको हुनेछ। | निरन्तर | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| प्रकोप पूर्वानुमान र पूर्वसूचना सन्देशहरू प्रसारण गर्ने। | सरोकारवालाहरूलाई प्रकोपको पूर्वसूचना र सन्देशहरू समयमै उपलब्ध भएको हुनेछ। | निरन्तर | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| पूर्वसूचना सन्देश प्राप्त हुनासाथ समुदाय एवम् उद्धारकहरूलाई तयारी अवस्थामा राख्ने। | पूर्वसूचना सन्देश प्राप्त भइसकेपछि प्रतिकार्यका लागि गरिने कार्यहरू सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | स्थानीय आपतकालीन् कार्यसञ्चालन केन्द्र | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| स्थानीय स्तरमा पूर्वसूचना प्रणाली सुदृढ गर्ने। | विपद् जोखिमका बारेमा समयमै जानकारी उपलब्ध भएको हुनेछ। | अल्पकालीन | वातावरण विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | राष्ट्रिय, प्रादेशिक तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। | जोखिममा रहेका सबै समुदायको पूर्वसूचना प्रणालीमा पहुँच भएको हुनेछ। | अल्पकालीन | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | महिला तथा बालबालिका शाखा, समाजिक विकास शाखा |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विपद् पूर्वतयारी, पूर्वसूचना र प्रतिकार्यमा स्थानीय, परम्परागत ज्ञान, सीपको उपयोग गर्ने। | विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ। | अल्पकालीन | वातावरण ताथ विपद् व्यवस्थापन शाखा | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विषयक्षेत्र |
| निजी भवन, सार्वजनिक भवन, विद्यालय, अस्पताल तथा महत्वपूर्ण पूर्वाधार संरचनाहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्म र फायर इक्स्टिङगुइसर जडान गर्ने व्यवस्था गर्ने। | आगलागीले हुने क्षति कम भएको हुनेछ। | दीर्घकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका |
| पूर्वसूचना प्रणालीमा आधारित विपद् प्रतिकार्यका लागि नियमित जनचेतना, उपकरणहरूको परीक्षण तथा कृत्रिम घटना अभ्यास गर्ने। | प्रभावकारी विपद् प्रतिकार्य भएको हुनेछ। | अल्पकालीन र निरन्तर | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | वातारण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| | | | | |

तालिका ४.३ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू समुदायमा सञ्चालन गर्ने। | समुदायको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातारण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | क्रियाशील गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदाय, स्वयंसेवक, गैरसरकारी संस्था लगायतलाई परिचालन गर्ने। | समुदायमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगरपालिका, क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| समुदायमा विपद् प्रतिकार्य र खोज तथा उद्धार, स्वयंसेवक टोली गठन गरी क्षमता विकास गरी परिचालन गर्ने। | स्थानीय तहको विपद् प्रतिकार्य क्षमता प्रभावकारी भएको हुनेछ। | अल्पकालीन | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालय,<br><br>वातावरण तथा विपद् व्यवस्थापन शाखा | क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस, निजी क्षेत्र |
| विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सङ्कटासन्न समुदायको पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने। | समुदायमा आधारित विपद् व्यवस्थापनका क्रियाकलाप समावेशी भएको हुनेछ। | मध्यकालीन | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका, स्थानीय विपद् व्यवस्थापन समिति |
| विकास योजनाको अनुगमन तथा मूल्याङ्कनमा | स्थानीय तहमा विपद् व्यवस्थापनमा उत्तरदायित्व | मध्यकालीन | अनुगमन तथा | पूर्वाधार विकास |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषय समावेश गर्ने। | स्थापित भएको हुनेछ। | | सुपरिवेक्षण समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा | शाखा, योजना तथा अनुगमन शाखा |
| | | | | |

तालिका ४.४ विपद् पूर्वतयारीको लागि सञ्चार तथा प्रशारण प्रणाली सुदृढीकरण

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सामुदायिक सूचना केन्द्रहरू स्थापना र सुदृढ गर्ने। | विपद् जोखिम बारे समुदाय सुसूचित भएका हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| रेडियो, टिभी, टेलिफोन, इन्टरनेट, साईरन, माइक, संकेत, प्रत्यक्ष भेटघाट लगायतका सूचना तथा सञ्चार माध्यमहरूलाई क्रमशः आधुनिक प्रविधियुक्त, स्थानीय समुदायमैत्री हुने गरी सुदृढ गर्ने। | स्थानीय स्तरमा सूचनाहरूको प्रभावकारी संचार तथा प्रसार भएको हुनेछ। | अल्पकालीन | सूचना तथा प्रविधि शाखा | क्रियाशील गैरसरकारी संस्था, स्थानीय समुदाय |
| अति सङ्कटासन्न समूहहरू (निरक्षर, दृष्टि विहीन, श्रवण शक्ति नभएका) का लागि उपयुक्त सञ्चार तथा सूचना विधि/प्रविधि लागु गर्ने। | विपद् सूचनामा अति सङ्कटासन्न समूहको पहुँच वृद्धि भएको हुनेछ। | अल्पकालीन | सूचना तथा प्रविधि शाखा, महिला तथा बालबालिका शाखा | स्थानीय विपद् व्यवस्थापन समिति, क्रियाशील गैरसरकारी संस्था |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल (BIPAD Portal) सञ्चालन गर्ने। | विपद् सम्बन्धी सूचना तथा जानकारीको प्रभावकारी सञ्चार भएको हुनेछ। | मध्यकालीन तथा निरन्तर | सूचना तथा प्रविधि शाखा, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र | वातवारण तथा विपद् व्यवस्थापन शाखा, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| | | | | |

तालिका ४.५ खोज तथा उद्धार क्षमता अभिवृद्धि

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| खोज तथा उद्धार स्वयंसेवकहरूलाई तालीम, अभ्यास र उपकरण सहित क्षमता अभिवृद्धि गर्ने। | खोज तथा उद्धार कार्यमा स्वयंसेवकहरूको क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र | गाउँ/नगरपालिका, सुरक्षा निकाय, क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस, निजी क्षेत्र |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँ/नगरपालिका भित्रका स्वास्थ्यकर्मी र स्वयंसेवकलाई प्राथमिक उपचार, इमर्जेन्सी व्यवस्थापन लगायतका तालिम प्रदान गर्ने। | प्राथमिक तथा आकस्मिक उपचार क्षमता वृद्धि भएको हुनेछ। | अल्पकालीन | स्वास्थ्य शाखा | स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस, क्रियाशील गैरसरकारी संस्था |
| सरकारी, गैरसरकारी, निजी स्वास्थ्यसंस्थामा आपतकालीन व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | स्वास्थ्यसंस्थाहरूको आपतकालीन व्यवस्थापन क्षमता सुदृढ भएको हुनेछ । | मध्यकालीन | स्वास्थ्य शाखा | स्वास्थ्य कार्यालय, क्रियाशील गैरसरकारी संस्था |
| राहत संकलन र परिचालनमा एकद्वार प्रणाली अवलम्बन गर्ने। | विपद् प्रतिकार्यमा दोहोरोपना हटी एकरूपता तथा पारदर्शीता कायम भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल सरकार, प्रदेश सरकार, क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरू (First Responders) तयार गर्ने। | वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारक तयार भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | सुरक्षा निकाय, नेपाल रेडक्रस, क्रियाशील गैरसरकारी संस्था |

तालिका ४.६ पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” को प्रवर्द्धन

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| संघ र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरी विपद् प्रभावित परिवारको लागि पुनर्वास तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने। | विपद् प्रभावितहरूको प्रभावकारी पुनर्स्थापना र पुनर्वास भएको हुनेछ। | अल्पकालीन | पूर्वाधर विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, शहरी विकास तथा भवन निर्माण विभाग |
| पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरूलाई समावेश गर्ने। | विपद् जोखिम न्यूनीकरण भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा, योजना शाखा | शहरी विकास तथा भवन निर्माण विभाग |
| पुनर्निर्माण र पुनःस्थापनामा स्थानीय स्रोत, साधन, ज्ञान तथा सीप र प्रविधिको विकास र उपयोग गर्ने। | पुनर्निर्माण र पुनःस्थापना मितव्ययी र दिगो भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा, योजना शाखा | शहरी विकास तथा भवन निर्माण विभाग |
| सार्वजनिक सेवा संरचनाको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्ने। | सङ्कटासन्न समूहहरूका आवश्यकताहरू सम्बोधन भएको हुनेछ। | अल्पकालीन | पूर्वाधर विकास शाखा, सामाजिक विकास शाखा | महिला तथा बालबालिका शाखा |
| प्रकोप प्रतिरोधी संरचना निर्माण र प्रवलीकरणका लागि ईन्जिनियर, डकर्मी, सिकर्मी, निर्माण व्यवसायी र आपूर्तिकर्तालाई अभिमुखिकरण तथा तालिम सञ्चालन गर्ने। | प्रकोप प्रतिरोधी संरचना निर्माणका लागि सरोकारवालाहरूको क्षमता विकास भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, क्रियाशील गैरसरकारी संस्था, स्थानीय उद्योग वाणीज्य संघ |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| बलियो र सुरक्षित निर्माणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | प्रकोप प्रतिरोधी भवन, संरचना निर्माण बारे जनचेतना अभिवृद्धि भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा, वडा कार्यालय | क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| भवन तथा अन्य पूर्वाधारहरूको निर्माण संहिताको पालना गराउने, निर्माण सामग्रीको गुणस्तर र निर्माणको मापदण्ड लागु गर्ने। | पुनर्निर्माण गरिएका संरचनाहरू अझ बलियो भएका हुनेछन्। | मध्यकालीन | पूर्वाधार विकास शाखा | शहरी विकास तथा भवन निर्माण विभाग, गाउँ/नगरपालिका |
| आवासीय भवन, व्यवसायिक भवन, होटेल, अपार्टमेन्ट, उद्योग, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, विद्यालय, अस्पताल, सामुदायिक भवन, आश्रयस्थल लगायतका संरचनाहरूको प्रवलीकरण (Retrofitting) गर्ने। | जोखिममा रहेका पूर्वाधारहरूको प्रवलीकरण भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका, |
| जोखिमयुक्त क्षेत्रमा बस्ती विकास, ठूला संरचना निर्माण र उद्योग खोल्न प्रतिबन्ध लगाउने। | उच्च जोखिम क्षेत्रमा संरचना निर्माणमा रोक लगाईएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | गाउँ/नगर सभा |

*(यस अनुसूचीका तालिकाहरूमा दिइएका सबै रणनीतिक क्रियाकलापहरू र अन्य विवरणहरू उदाहरण हुन्। स्थानीय तहको विपद् जोखिम अवस्था अनुसारका विवरणहरू र तद्अनुसार आवश्यक हुने रणनीतिक क्रियाकलापहरू तर्जुमा गर्न सकिनेछ।)*

# अनुसूची-४.

## स्थानीय तहको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको प्रारूप

**(नमुना विषय-सूची)**

कार्यकारी सारांश

परिच्छेद १. परिचय

१.१ गाउँ/नगरपालिकाको संक्षिप्त परिचय

१.२ गाउँ/नगरपालिकाको विपद् जोखिमको अवस्था

१.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाद्वारा निर्धारित लक्ष्यहरू र सोको प्राप्तीमा गाउँ/नगरपालिकाको भूमिका

परिच्छेद २. विद्यमान कानूनी तथा नीतिगत व्यवस्था

२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विद्यमान कानुनी तथा संस्थागत संरचना

२.२ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी योजनाहरू कार्यान्वयनको समीक्षा

२.३ स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना र अन्य योजनाहरु बीचको अन्तरसम्बन्ध

२.४ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माण विधि

परिच्छेद ३. विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना

३.१ परिचय

३.२ मार्गदर्शक सिद्धान्त

३.३ दीर्घकालीन सोच, अपेक्षित परिणाम, लक्ष्य र उद्देश्य

३.४ प्राथमिकताप्राप्त क्षेत्रहरू

परिच्छेद ४. प्राथमिकता प्राप्त क्षेत्र १-विपद् जोखिम बारेको बुझाई

४.१ प्रकोप बमोजिम जोखिम आँकलन

४.२ बहु-प्रकोप जोखिम आँकलनका लागि अन्तर निकाय/तह समन्वय

४.३ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

४.४ विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

परिच्छेद ५. प्राथमिकता प्राप्त क्षेत्र २- विपद् जोखिम शासकीय पद्धतिको सुदृढिकरण

५.१ संस्थागत संरचनाहरूको स्थापना र सुदृढीकरण

५.२ कानूनी र नियामक संरचनाको निर्माण

५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता

परिच्छेद ६. प्राथमिकता प्राप्त क्षेत्र ३- उत्थानशीलता वृद्धिका लागि निजी तथा सार्वजनिक लगानीको प्रवर्द्धन

६.१ उत्थानशीलता वृद्धिमा लगानी प्रवर्द्धन

६.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी प्रवर्द्धन

६.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन

६.४ जोखिममा हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता वृद्धि

परिच्छेद ७. प्राथमिकता प्राप्त क्षेत्र ४- विपद् प्रतिकार्य र पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण"का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

७.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

७.२ विपद् पूर्वतयारीका लागि बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास

७.३ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन

७.४ विपद् पूर्वतयारीका लागि सञ्चार तथा प्रसारण प्रणालीमा सुदृढीकरण

७.५ खोज तथा उद्धार क्षमता अभिवृद्धि

७.६ पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणमा **"अझ राम्रो र बलियो निर्माण"** अवधारणा प्रवर्द्धन

परिच्छेद ८. रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

परिच्छेद ९. रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समिक्षा र संशोधन

अनुसूचीहरू

१. सूचकहरूका आधारमा अनुगमन र मूल्याङ्कन फाराम

# सन्दर्भ सामग्री


१. नेपालको संविधान

२. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४,

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०)

५. प्रदेश नं. १, प्रदेश नं. २, वागमती प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाहरु,

६. विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई ढाँचा कार्ययोजना (सन् २०१६-२०३०), अंग्रेजी संस्करण,

७. वातावरण संरक्षण ऐन, २०७६,

८. जलवायु परिवर्तन नीति, २०७६,

९. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति, २०७५,

१०. स्थानीय जलवायु अनुकूलन योजना सम्बन्धित दस्तावेजहरू,

११. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना सम्बन्धी विभिन्न निकायका दस्तावेजहरू ।